# प्रभाव दैनिक
National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १२३ | काठमाडौं | सोमबार, ०८ भदौ २०८३ | Prabhab National Daily | Monday, 24 August 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५ ।-


## स्थानीय तहमा बलियो उपस्थिति खोज्दै रास्वपा

- स्थानीय सरकारमा बलियो उपस्थितिका लागि अहिलेदेखि नै पहल गर्नुपर्नेमा सभापति रवि लामिछानेको जोड
- स्थानीय तहको निर्वाचनलाई लक्षित गरेर गाउँगाउँमा जान रास्वपाका नेता तथा कार्यकर्तालाई निर्देशन
- लामिछानेले केन्द्रीय सदस्यहरूसँग मागे आगामी ३५ वर्षको योजना



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) आसन्न स्थानीय तह निर्वाचनको तयारीमा होमिइसकेको छ । रास्वपा सभापति रवि लामिछानेले भदौ १ गते 'क्याण्डिडेट क्लब' घोषणा गरेपछि वडादेखि पालिकासम्मका लागि उम्मेदवारका आकांक्षीहरूले आवेदन दिन थालिसकेका छन् ।

यही क्रममा सभापति लामिछानेले स्थानीय तहको निर्वाचनलाई लक्षित गरेर गाउँगाउँमा जान रास्वपाका नेता तथा कार्यकर्तालाई निर्देशन दिएका छन् । रास्वपाका केन्द्रीय सदस्यलाई लक्षित गरी शनिबार र आइतबारका आयोजना गरिएको 'नीति, संगठन र नेतृत्व' कार्यक्रममा उनले यस्तो निर्देशन दिएका हुन् । गाउँगाउँमा गएर सरकारले गरेका कामका बारेमा जनतालाई सूचना प्रवाह गर्नुपर्ने उनको धारणा थियो ।

'स्थानीय सरकारमा बलियो उपस्थिति बनाउन हामीले अहिलेदेखि पहल गर्नुपर्छ । अहिले सरकारमात्र बलियो छैन, प्रतिपक्ष पनि बलियो छन् । तसर्थ जनता केन्द्रित भएर काम गर्नुपर्छ,' उनले भने, 'यसपटक पनि मुलुकले वर्षौंदेखि देखेका सपना पूरा गर्न सकेनौं भने मुलुक निराशामा प्रवेश गर्छ ।'

सभापति लामिछानेले बहुदलपछिको ३५ वर्षको बेथितिको कुरा गरेरमात्रै अबको राजनीतिक यात्रा पूरा नहुने बताए । उनले अबको ३५ वर्षको योजना ल्याउन केन्द्रीय सदस्यहरूलाई निर्देशन दिए । '३५ वर्षको हिसाबको कुरा गर्ने होइन, अबको ३५ वर्षको योजना ल्याउनुहोस् । विगतका नेतृत्वले जति सक्नुभयो गर्नुभयो, धन्यवाद । अबको ३५ वर्षमा गर्नुपर्ने कामको योजना अब हाम्रो काँधमा छ,' लामिछानेले भने ।

आमनागरिकले पूरा विश्वास गरेर रास्वपालाई ठूलो दलका रूपमा स्थापित गरेका उल्लेख गर्दै उनले विश्वभरका प्रबुद्ध समुदायले पार्टी र सरकारको कामलाई हेरिरहेकाले जनअपेक्षा पूरा गर्नेतर्फ सबै प्रतिबद्ध हुनुपर्नेमा जोड दिए । 'राजनीतिमा इमान्दारिता, योग्यता र क्षमता आवश्यक छ । व्यक्तिगत लाभमा देशको राजनीतिक प्रयोग नहोस्, कुनै पनि देशले यति धेरै युवा पार्टी, संसद् र मन्त्री पाएको छैन । आज तपाईं हामीले बाटो बिरायौं भने संसारभरि के सन्देश जान्छ भने, युवाको नेतृत्वको काम छैन ।

क्रमशः पृष्ठ २ मा

## कांग्रेस विवाद सुल्झाउन शेखरको दौडधुप

- साउन २६ गते सभापति गगन थापासँग भेटेका शेखरले शुक्रबार पूर्वसभापति शेरबहादुर देउवालाई भेटे
- साउन २९ गते सुकेधारामा संस्थापनइतरले आयोजना गरेको भेलामा पनि शेखरले एकताको आह्वान गरेका थिए
- पार्टी फुटबाट रोक्न शेखर दुवै समूहका नेताहरूलाई मनाउने प्रयासमा लाग्दा दोस्रो तहका नेताहरु पनि उत्तिकै सक्रिय



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सर्वोच्च अदालतले नेपाली कांग्रेसको आधिकारितासम्बन्धी मुद्दा पुनरवलोकन गर्ने भएसँगै बल्झिएको विवाद सुल्झाउन नेता डा. शेखर कोइराला सक्रिय बनेका छन् । पछिल्लोपटक शेखरले कांग्रेस सभापति गगन थापा र पार्टीको पूर्वसभापति शेरबहादुर देउवासँग भेटेका छन् ।

विवादका कारण फुटको संघारमा पुगेको कांग्रेस एक बनाउन शेखर लागिपरेको उनीनिकट नेताहरू बताउँछन् । शुक्रबारमात्र शेखरले चुनदेवी पुगेर देउवालाई पार्टी एक बनाएर लैजान सुझाएका थिए । कोइरालाका सचिवालय सदस्य दिनेशचन्द्र थपलियाका अनुसार भेटमा देउवा पार्टीलाई एकताबद्ध बनाएर अघि बढाउने पक्षमा देखिएका छन् । तर, पार्टी मिलाउने विषयमा उनीहरूको मात्र पहल पर्याप्त नहुने उनको भनाइ छ । 'दुवै नेता पार्टी मिलाउने पक्षमा हुनुहुन्छ । तर, मिल्ने-मिलाउने उहाँहरूको हातमा छैन । बल त सभापति गगन थापाको हातमा छ । उहाँले पहल गर्नुपर्‍यो,' शेखरको भनाइ उद्धृत गर्दै थपलियाले भने ।

त्यसअघि साउन २६ मा शेखर भेट्न गगन विशालनगर पुगेका थिए । उक्त भेटमा दुई नेताबीच पार्टी एकताकै विषयमा छलफल भएको थियो । गत पुसमा विशेष महाधिवेशनपछि गगन सभापति बनेसँगै कांग्रेस विवाद चर्किएको हो । देउवापक्षले आधिकारिताका विषयमा आफूहरू बलियो रहेको दाबी गर्दै आएको छ । यदि आधिकारिकता नदिए नयाँ पार्टी खोल्ने तयारी गरिरहेको छ ।

तर सर्वोच्चले निस्सा दिएको कारण पार्टी फुट तत्कालका लागि टरेको छ । यही मेसोमा शेखर भने मध्यमार्गी उपाय अपनाउँदै एकताको पक्षमा उभिएका हुन् । सुकेधारामा भएको संस्थापनइतरको भेलामासमेत शेखरले एकताका लागि आह्वान गरेका थिए ।

### गगनसँग संवाद गर्न देउवा तयार

कांग्रेसका पूर्वसभापति देउवा आइतबार चुनदेवीस्थित संस्थापनइतरको सम्पर्क कार्यालयमा पुगे । सभापतिकै हैसियतमा कार्यालयमा केही समय बिताएका देउवा पार्टी एकताका लागि सकारात्मक रहेको बताइएको छ ।

सिंगापुरबाट लामो उपचारपछि फर्किएलगत्तै २८ साउनमा चुनदेवीस्थित इतरपक्षको कार्यालय पुगेका देउवा आइतबार पनि पुनः सोही कार्यालय पुगेका हुन् । २९ साउनमा इतरपक्षको राष्ट्रिय भेला र ३१ साउनको समापन समारोहमा देउवाले सम्बोधन गरेका थिए । त्यसयता आफ्नै निवासमा नेता-कार्यकर्तासँग भेट गर्दै आएका देउवा लोकतान्त्रिक आदिवासी जनजाति महासंघले चुनदेवीस्थित सम्पर्क कार्यालयमा राखेको चियापान कार्यक्रममा सहभागी हुन पुगेका हुन् ।

पछिल्लोपटक देउवाले नेता-कार्यकर्तासँग भेट गर्दै आएका छन् । आइतबार बिहान उनले कर्ण मल्ल, नैनसिंह महरसहितका नेतासँग भेट गरेका थिए । उनीसँग भेट्नेहरूले पार्टीमा एकता कायम गराउनेगरी संवाद गर्न आग्रह गर्दै आएका छन् । पछिल्लो टकराव कम गर्न आफूले गगनसँग छलफल गर्ने वचन देउवाले डडेलधुरा कांग्रेसका पूर्वसभापति मल्ललाई दिएका हुन् । उपचारपछि स्वदेश फर्किएका देउवाको स्वास्थ्य अवस्थाबारे जानकारी लिन चुनदेवी पुग्दा उक्त वचन पाएको मल्लको भनाइ थियो ।

पार्टीमा विवाद भएपछि उनले देउवासँग बोलचालसमेत बन्द गरेका थिए । आफूले छ वर्षपछि देउवासँग भेटेको र स्वास्थ्यलाभको कामनासँगै कांग्रेसलाई आगामी १५औं महाधिवेशनतर्फ लैजाँदा देउवाले अभिभावकीय भूमिका निर्वाह गर्नु उपयुक्त हुने प्रस्ताव राखेका थिए । पार्टीभित्रको एकता कायम गर्न सभापति थापासँग संवाद गर्ने आश्वासन देउवाले दिएको मल्लको भनाइ छ । यस विषयमा कांग्रेस सभापति थापा भने मौन छन् । आइतबार 'नेपालको पुँजीबजार, आर्थिक लगानीको आधार' विषयक छलफलमा पुगेका थापाले पुँजीबजार खस्कँदै गएको बताएका थिए ।

### संवादबाटै अघि बढ्न उपसभापति शर्माको आग्रह



नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले महाधिवेशन रोक्नेभन्दा पनि संवादबाट पार्टीका विवादहरू हल गरिनुपर्ने बताएका छन् । मंसिरभन्दा पछाडि महाधिवेशन लैजाने संवैधानिक तथा कानुनी आधार कांग्रेससँग नरहेको उल्लेख गर्दै शर्माले संवादमै जोड दिएका हुन् ।

'एकातिर सानेपाबाट महाधिवेशनको तयारी हुँदै गर्दा अर्कोतर्फ भेला गरेर असहमतिहरू राख्दै अदालतहरू ढोका ढक्ढक्याउँदै गर्दा सायद प्रदीप दाइले भन्नुहुन्थ्यो होला कि, राजनीतिक दलहरूबीचको विवादको समाधानको खोजी पार्टी कार्यालयभित्रको कोठामा गर्नुस्, अदालतको ढोकामा होइन भनेर,' शर्माले भने । उनका अनुसार संविधानको धारा २६९ को ४ ले कुनै पनि राजनीतिक दलले पाँच वर्षमा अधिवेशन गर्नुपर्छ भन्ने व्यवस्था गरेको छ । उनले असोज १६ मा १५औं महाधिवेशन सुरू हुने पनि बताए । 'महाधिवेशनको प्रक्रिया त्यो समयमा सुरू भएन भने मंसिरभन्दा उता जाने अवस्था नभइसकेपछि एउटा पुरानो राजनीतिक दलको वैधानिकता उपर गम्भीर प्रश्न उब्जिन्छ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

## 'सिण्डिकेट' नहटाए मलेसियाको रोजगारी बन्द गर्ने संघको चेतावनी

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघले २५ व्यवसायीलेमात्र श्रमिक पठाउने व्यवस्था आए मलेसिया रोजगारी बन्द गर्ने चेतावनी दिएको छ । आइतबार संघले आयोजना गरेको पत्रकार सम्मेलनमा संघका अध्यक्ष डिकबहादुर खत्रीले मलेसियालाई नेपाली श्रमिक चाहिने हो भने नेपालको श्रम ऐनलाई पनि सम्मान गर्नुपर्ने बताए ।

गत शुक्रबारदेखि मलेसियाले आफ्नो श्रमिक भर्ना गर्ने एकीकृत पोर्टल 'फरेन वर्कर सेन्ट्रलाइज्ड म्याजेनमेन्ट सिस्टम (एफडब्ल्युसिएमएस)बाट मलेसियामा श्रमिक पठाउँदै आएका नेपालका सबै संस्थालाई हटाएर २५ वटालाई मात्र राखेपछि एकाधिकार (सिण्डिकेट) सुरु भएको भन्दै व्यवसायीहरू आक्रोशित छन् । हाल नेपालका करिब ११ सय म्यानपावरमध्ये करिब साढे ५०० संस्थाले मलेसियामा श्रमिक पठाउने गरेको बताइन्छ । एफडब्ल्युसिएमएसमा सूचीकृत भएका संस्थाहरू कि आफैं प्रणालीबाट हट्नुपर्ने कि नेपाल सरकारले यहाँको कानुनबमोजिम कारबाही गर्नुपर्ने संघका अध्यक्ष खत्रीले बताए ।

'कि २५ वटा संस्था एफडब्ल्युसिएमएसबाट स्वेच्छिकरूपमा हट्नपर्‍यो, कि सरकारले यहाँको कानुनअनुसार कारबाही गर्नपर्‍यो,' उनले भने, 'यही प्रक्रियाअन्तर्गत रहेर श्रमिक पठाउनपर्ने भयो भने मलेसियामा श्रमिक पठाउँदैनौं । २०७५ सालमा पनि २१ महिना नपठाएकै हो ।'

यसैबीच युवा, श्रम तथा रोजगार मन्त्रालयले आज एफडब्ल्युसिएमएसमा सूचीकृत भएका २५ वटा संस्थासहितको छलफल राखेको जानकारी दिइएको छ । उक्त छलफलबाट सकारात्मक निष्कर्ष नआए सूचीकृत भएका सबै संस्थामा तालाबन्दी गरिने संघले जनाएको छ । आइतबार संघका प्रतिनिधिसहित व्यवसायीहरूले सांकेतिक विरोधस्वरूप एसिया लिंक ओभरसिज प्रालि र ट्रस्ट नेपाल ओभरसिज प्रालिमा ताला लगाएका छन् । गलत गतिविधिमा नलाग्न ताला लगाएर सांकेतिक विरोध गरेको जनाइएको छ । उक्त ताला खुलाउने कि बाँकी संस्थामा पनि लगाउने भन्ने आजको बैठकले तय गर्ने अध्यक्ष खत्रीको भनाइ छ ।

संघले एकाधिकारमा संलग्न भनिएका संस्थाको आवश्यक प्रमाण र कागजात संकलन गरी श्रम मन्त्रालय, परराष्ट्र मन्त्रालय, सम्पत्ति शुद्धीकरण तथा अनुसन्धान विभाग, अख्तियार दुरूपयोग अनुसन्धान आयोगलगायत अनुसन्धान गर्ने निकायका साथै विदेशस्थित कूटनीतिक नियोगलाई समेत जानकारी गराएर अनुसन्धानका लागि औपचारिक पहल गर्ने घोषणा गरेको छ । यसका लागि २५ वटा संस्थालाई शनिबार नै तीनदिने स्पष्टीकरण सोधिसकेको संघले जनाएको छ । ती संस्थाहरूबाट तथ्य, प्रमाण र सम्बन्धित कागजातसहितको चित्तबुझ्दो स्पष्टीकरण नआए संघको विधानबमोजिम कारबाही अघि बढाइनेसमेत जनाइएको छ ।

सीमित व्यवसायीलाई मात्र भर्ना प्रक्रियामा सहभागी गराउँदा स्वस्थ्य प्रतिस्पर्धा हुन नपाउने, एकाधिकार कायम हुने र श्रमिकमाथि झनै ठूलो आर्थिक भार पर्ने व्यवसायीको भनाइ छ ।

क्रमशः पृष्ठ २ मा



कि २५ वटा संस्था एफडब्ल्युसिएमएसबाट स्वेच्छिकरूपमा हट्नपर्‍यो, कि सरकारले यहाँको कानुनअनुसार कारबाही गर्नपर्‍यो । यही प्रक्रियाअन्तर्गत रहेर श्रमिक पठाउनपर्ने भयो भने मलेसियामा श्रमिक पठाउँदैनौं ।

■ **डिकबहादुर खत्री**
अध्यक्ष, नेपाल वैदेशिक रोजगार व्यवसायी संघ


## कर तिर्ने संस्कृतिको विकास गरौं

- कानुनबमोजिम समयमै कर तिरी जिम्मेवार नागरिक बनौं,
- प्रत्येक खरिद-बिक्रीमा अनिवार्य रूपमा बिल बिजक लिऔं र दिऔं,
- कर छली तथा अवैध कारोबारलाई निरूत्साहित गरौं,
- डिजिटल माध्यमबाट भुक्तानी गरी सेवा सहज बनाऔं,
- करदाताका अधिकार र कर्तव्यबारे सचेत बनौं,
- पारदर्शी, इमानदार र जिम्मेवार कर संस्कृतिको विकास गरौं,
- करबाट संकलित राजस्व राष्ट्रको विकास र सार्वजनिक सेवामा उपयोग हुने हुँदा राष्ट्र निर्माणमा सहभागि बनौं ।

कर तिर्नु नागरिकको दायित्व र राष्ट्रप्रतिको योगदान हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# तामाङ ज्ञान महोत्सवः 'अल्फा पुस्ता'देखि इतिहाससम्मको विमर्श

■ प्रभाव संवाददाता

**काठमाडौं–** कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानमा '११औं तामाङ ज्ञान महोत्सव' सुरु भएको छ। तामाङ राष्ट्रिय पुस्तकालय, तामाङ न्हाङखोर, तामाङ डाजाङलगायत संस्थाको आयोजनामा आइतबार दुईदिने महोत्सव सुरु भएको हो ।

महोत्सवको पहिलो दिन आइतबार प्रा.डा. सञ्जीव उप्रेतीले तामाङ र संरचनात्मक लाभांश विषयमा विद्वत प्रवचन दिएका थिए । लगत्तै तामाङ जेन अल्फा : के सोच्छन् आफ्नै भाषा र संस्कृतिबारे ? विषयमा छलफल भएको थियो । छलफलमा सहभागीहरूले पछिल्लो पुस्तामा तामाङ भाषाको अभ्यास हराउँदै गएको बताएका थिए । 'घरमा पनि खासै कुराकानी हुँदैन । विद्यालयमा पनि पढाइ तामाङ भाषामा हुँदैन,' स्वयम्भूस्थित फ्युचर स्टार माविमा कक्षा ८ मा अध्ययनरत अविनाश लो तामाङले भने । अल्फा पुस्तालाई भाषा सिकाउन तामाङ विद्यालयहरू सञ्चालनमा आउनुपर्ने ललितपुरस्थित जुगल स्कुलको कक्षा १० की छात्रा मनिता ग्याबक तामाङले सुझाइन् ।

महोत्सवमा पहिलोपटक अल्फा पुस्तालाई ठाउँ दिइएको आयोजकले जनायो । त्यसपछि




'एआई, तामाङ भाषा र संगीत' विषयमा छलफल गरिएको थियो । उक्त सत्रमा काठमाडौं विश्वविद्यालयका प्रा.डा. बालकृष्ण बल, नेपाल सरकारका उपसचिव डा. लोकबहादुर लोप्चन, शिक्षक निलमणि लामा, कानुनका विद्यार्थी सफलता थिङ, गायक तथा संगीतका शुभ तामाङ, शिक्षक घनश्याम पन्तले कार्यपत्र प्रस्तुत गरेका थिए ।

भाषाविद् अमृत योञ्जन-तामाङले सृष्टिको उत्पत्तिसम्बन्धी तामाङ विश्वदृष्टिकोण प्रस्तुत गरेपछि मासिन्या विमर्श भएको थियो । जंगबहादुर राणाको मुलुकी ऐन, १९१० ले तामाङमाथि पारेको बहुआयामिक दुष्प्रभावबारेको विमर्शमा अधिवक्ता डा. कुन्साङ योञ्जन, विश्लेषक युग पाठक र त्रिभुवन विश्वविद्यालयकी उपप्राध्यापक कुमारी लामाले आ-आफ्नो धारणा राखेका थिए ।

महोत्सवको समापन आज साँझ हुने महोत्सवका संयोजक निष्णु थिङले बताए । महोत्सव आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका निमित्त प्रमुख राम मादेनले उद्घाटन गरेका थिए । उद्घाटनमा प्राज्ञ डा. कृष्णराज सर्वहारी, प्राज्ञ सीता तुम्खेवालगायतले आफ्नो धारणा राखेका थिए ।

# बजेटको कम्तीमा २० प्रतिशत लगानी शिक्षामा हुनुपर्नेमा जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले विद्यालय शिक्षा विधेयकलाई सरकारले पहिलो प्राथमिकतामा राखी काम गरिरहेको बताएका छन् । मन्त्रालयले आइतबार यहाँ आयोजना गरेको विद्यालय शिक्षा विधेयकका विषयमा सरोकार भएका निकायका प्रतिनिधिसँगको परामर्श गोष्ठीमा उनले शिक्षा ऐन निर्माण प्रक्रिया पारदर्शी र सहभागितामूलक बनाइने बताए ।

मन्त्री पोखरेलले विद्यार्थीमैत्री शिक्षा विधेयक निर्माणका क्रममा सरोकार भएका निकायका प्रतिनिधिका सुझावलाई औपचारिक छलफलमामात्र सीमित नराखी ऐन तथा नियममा समेटिने प्रतिबद्धता व्यक्त गरे । संघ, प्रदेश र स्थानीय तहबीच अधिकारको स्पष्ट बाँडफाँट तथा प्रभावकारी समन्वय आवश्यक रहेको उनको भनाइ छ । उनले शिक्षामा कूल बजेटको कम्तीमा २० प्रतिशत लगानी हुनुपर्नेमा जोड दिँदै विश्वव्यापी अभ्यास भए पनि नेपालमा शिक्षा क्षेत्रमा पर्याप्त बजेट विनियोजन हुन नसकेको बताए ।

शिक्षा बजेटको करिब ७० प्रतिशत स्थानीय तहमा अनुदानका रूपमा जाने भएकाले शिक्षा सुधार तथा शिक्षक-कर्मचारीको सुविधामा स्थानीय तहको भूमिका महत्त्वपूर्ण हुने मन्त्री पोखरेलले उल्लेख गरे । प्रारम्भिक बालविकास सहजकर्ता तथा विद्यालय कर्मचारीको पारिश्रमिकबारे स्पष्ट पार्दै उनले संघीय



सरकारले उपलब्ध गराउने रकम ससर्त अनुदानमात्र भएको जानकारी दिए ।

मन्त्री पोखरेलले स्थानीय तहले आफ्नो स्रोत परिचालन गरी कर्मचारीको पारिश्रमिक वृद्धि गर्नसक्ने उदाहरणका रूपमा काठमाडौं महानगरपालिकाको अभ्यास प्रस्तुत गरे । शिक्षा प्रणालीका कमजोरीलाई विद्यार्थी, शिक्षक, अभिभावक र सरकारले स्वीकार गरी सामूहिकरूपमा सुधारका लागि अघि बढ्नुपर्नेमा उनले जोड दिए । वि.सं. २०२८ पछि पहिलोपटक नयाँ ऊर्जाका साथ विद्यालय शिक्षा ऐन निर्माण प्रक्रिया अघि बढेको उल्लेख गर्दै उनले प्रस्तावित ऐनलाई दीर्घकालीन र प्रभावकारी दस्तावेज बनाइने बताए ।

कार्यक्रममा शिक्षामन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झाले सातै प्रदेशमा सञ्चालन गरिएको 'शिक्षा संवाद'बाट प्राप्त सुझाव तथा निष्कर्ष प्रस्तुत गरे । उनले संघीय संसद्को हिउँदे अधिवेशनअघि सबैको सहमतिमा विद्यालय शिक्षा ऐन ल्याउने विश्वास व्यक्त गरे ।

शिक्षा मन्त्रालयका सहसचिव शिवकुमार सापकोटाले सातै प्रदेशबाट प्राप्त सुझावलाई विधेयकमा समेटिने बताउँदै नयाँ शिक्षा ऐन विद्यार्थी र शिक्षकमैत्री हुने उल्लेख गरे । शिक्षाविद् विद्यानाथ कोइरालाले शिक्षकको दर्ता, स्थायी नियुक्ति, बढुवा तथा विद्यालय संरचनालगायत विषय विधेयकमा स्पष्ट हुनुपर्ने बताए । विद्यार्थी र शिक्षकलाई प्रविधिसँग जोड्ने व्यवस्था ऐनमा समेटिनुपर्ने उनको धारणा छ ।

सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघका अध्यक्ष काशीनाथ दंगाल र प्याब्सन अध्यक्ष कृष्ण अधिकारीले पनि शिक्षा विधेयकलाई विद्यार्थी तथा शिक्षकमैत्री बनाउनुपर्नेमा जोड दिए । मन्त्रालयले विद्यालय शिक्षा विधेयकको मस्यौदा तयार गर्नुअघि सातै प्रदेशमा आयोजना गरिएका 'शिक्षा संवाद'बाट प्राप्त सुझाव तथा निष्कर्षको समीक्षा गरेको हो ।

विराटनगरबाट सुरु भएको संवाद सुदूरपश्चिमको धनगढीसम्म पुगेर सम्पन्न भएको थियो । संवादमा शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन, स्थानीय तहका प्रतिनिधि, शिक्षाविद् तथा शिक्षा क्षेत्रका अन्य सरोकारवालासँग विद्यालय शिक्षाका समस्या, चुनौती र सुधारका विषयमा छलफल गरिएको थियो ।

# जापानिज इन्सेफलाइटिसको जोखिम बढ्दो, सतर्क रहन अनुरोध

**काठमाडौं–** लामखुट्टेको टोकाइबाट सर्ने जापानिज इन्सेफलाइटिस(जेइ) रोगको संक्रमण तथा मृत्यु हुनेको संख्या बढिरहेकाले यसको जोखिमप्रति सतर्क र सुरक्षित रहन परिवार कल्याण महाशाखाले सबैमा अनुरोध गरेको छ । स्वास्थ्य सेवा विभागअन्तर्गतको परिवार कल्याण महाशाखाको पछिल्लो प्रतिवेदनअनुसार देशका २५ जिल्लाका ५९ स्थानीय तहमा ८० जना प्रयोगशालामा पुष्टि भएका जापानिज इन्सेफलाइटिसका बिरामी देखिएका छन् ।

आइतबार एक विज्ञप्ति जारी गर्दै महाशाखाले पुष्टि भएका बिरामीमध्ये ८६ प्रतिशतले जापानिज इन्सेफलाइटिस रोगविरुद्धको 'जेइ खोप' नलगाएका जनाएको छ । यसैगरी, हालसम्म संक्रमितमध्ये २१ जनाको मृत्यु भइसकेको छ । मृतक सबैले जेइ खोप नलगाएका पाइएको छ ।

जेइका 'केस' (बिरामीको अवस्था) हालसम्म सबैभन्दा बढी झापामा १०, कैलाली र मोरङमा सात/सात, सप्तरी र कञ्चनपुरमा छ/छ तथा चितवन, सुनसरी र नवलपरासीपूर्वमा पाँच/पाँच रहेका छन् । मुख्यतः तराई तथा भित्री मधेसका जिल्लामा केन्द्रित भए पनि इलाम, काभ्रेपलाञ्चोक, काठमाडौं, सिन्धुली, सुर्खेतलगायत पहाडी जिल्लामा जेइ पुष्टि भएको प्रतिवेदनले जनाएको छ ।

जापानिज इन्सेफलाइटिस मुख्यतः संक्रमित क्युलेक्स जातको लामखुट्टेको टोकाइबाट सर्दछ । धेरै बिरामी धानखेत तथा सुँगुरपालन गरिने क्षेत्रमा बसोबास गर्नेमा यसको संक्रमण देखिएको स्वास्थ्य विभागले जनाएको छ । संक्रमित जनावर जस्तै सुँगुर, बंगुर, हाँसलाई टोकेको लामखुट्टेले मानिसलाई टोक्दा मानिसमा भाइरस सर्न सक्छ । जेइको संक्रमण भएका प्रत्येक तीन जनामध्ये एक जनाको मृत्यु हुने र एक जना दीर्घकालीन अपांगता वा स्नायुसम्बन्धी समस्यासहित बाँच्नुपर्ने तथ्यांक छ ।

साथै उच्च ज्वरो, टाउको दुख्ने, बेहोस हुने, झट्का आउने वा चेतनामा परिवर्तनजस्ता लक्षण देखिएमा घरेलु उपचारमा समय खेर नफाली उपचारका लागि तत्काल नजिकैको स्वास्थ्य संस्था लैजानसमेत महाशाखाले अनुरोध गरेको छ । पछिल्लो तथ्यांकअनुसार ८० जनामा पुष्टि भएकामध्ये ५१ अर्थात् ६४ प्रतिशत १५ वर्षभन्दा माथिका छन् । जेइका कारण भएका मृत्युमा ५० वर्षभन्दा माथिका व्यक्तिको हिस्सा ८१ प्रतिशत रहेको छ । यस वर्ष हालसम्म पुष्टि भएका ८० बिरामीमा पुरुष ४३ र महिला ३७ जना छन् ।

जापानिज इन्सेफलाइटिसबाट बच्न लामखुट्टेको टोकाइबाट बच्नुपर्ने भन्दै रोगबाट सुरक्षित हुने यो प्रभावकारी उपचार भएको विभागको भनाइ छ । यो रोगबाट सुरक्षित हुन जेइ खोप लगाउनुका साथै लामखुट्टेको टोकाइबाट बच्नुपर्ने विभागले जनाएको छ । *रासस*

पृष्ठ १ बाट क्रमशः

## संवादबाटै अघि...

यो विषयलाई मलाई लाग्छ हाम्रा श्रद्धेय नेताहरूले स्मरण गर्नुहुन्छ, ख्याल गर्नुहुन्छ । हामीलाई अलमलिने अवस्था छैन । पार्टी कार्यालयको ढोकामात्रै होइन, सबै अग्रजहरूलाई स्वागत गर्नका लागि हृदयको ढोका पनि खुला राखेर कांग्रेसलाई एकताबद्ध बनाएर सँगसँगै लिएर गएर जान हामी तयार छौं,' शर्माले भने ।

■ ■ ■

## स्थानीय तहमा ...

युवा भनेर हुँदो रहने छ, देख्नुभयो नेपाल ? भनेर अन्य देशले भन्ने छन् । नेपाल र नेपालीको शिर झुक्ने छ,' उनले भने ।

सभापति लामिछानेले समाजका विभिन्न क्षेत्रका व्यक्ति पार्टीमा आबद्ध भएका कारण सिंगो देशको ध्यान सरकार, संसद् र राजनीतिमा गइरहेकाले रास्वपा बढी जिम्मेवार बन्नुपर्नेमा जोड दिए । उनले हाम्रो लोकतन्त्र कमजोर बनाउने काम गर्न नहुनेमा जोड दिए ।

'जानेर वा नजाने हामीबाट भएका क्रियाकलापले लोकतन्त्र कमजोर नबनोस्, यो हाम्रो पहिलो जिम्मेवारी हो,' उनले भने, 'आज विभिन्न संस्था लोकतन्त्र खतरामा पर्ने चिन्तामा छन् । लोकतन्त्र एकै पटकमा गर्ल्यामगुर्लम ढल्ने घर होइन । विगतमा राजनीतिक दल र सहिदको बलिदानबाट लोकतन्त्रसहित यी संस्था बलिया भएका हुन् । त्यसकारण हामीले लोकतन्त्र रक्षाका लागि पनि अत्यन्त जिम्मेवार भएर काम गर्नुपर्ने छ ।'

■ ■ ■

## 'सिण्डिकेट' नहटाए...

नेपाल र मलेसिया सरकारबीचको श्रम सम्झौतामा कुनै पनि नयाँ नीति कार्यान्वयन गर्दा स्रोत र गन्तव्य दुवै मुलुकको संयुक्त बैठकबाट पारित गर्नुपर्ने प्रावधान छ । तर मलेसियाको निजी संस्थाले जबरजस्ती लगाउन खोजेको नियम मान्य नहुने अध्यक्ष खत्रीको भनाइ थियो ।

'कसरी २५ वटा संस्था सूचीकृत भए ? म पनि २० वर्षदेखि त्यहीं श्रमिक पठाउँछु मेरो संस्था सूचीकृत छैन,' उनले भने, 'दुई देशबीचमा नयाँ नीति लागू गर्नपरे ज्वइन्ट कमिटीको बैठकबाट निर्णय गर्ने हो । मलेसिया सरकारले विदेशी श्रमिकलाई एकीकृत गर्न अनुबन्ध गरेको प्राइभेट संस्थाले हचुवाको भरमा २५ वटा संस्थालाई राख्दैमा मानिदिनपर्ने ?'

एफडब्ल्युसिएसएसमा नेपालका २५, बंगलादेशका २५, भारतका १०, कम्बोडियाका २३, भियतनामका ९१, म्यानमारका १०, पाकिस्तानका १०, फिलिपिन्सका ४३५, श्रीलंकाका २५८ र थाइल्याण्डको एक वटा म्यानपावरको नाम सूचीकरण गरिएको छ । मलेसियाको यो निर्णयको सबै स्रोत मुलुकमा विरोध भइरहेको बुझिएको छ ।

## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

**सोमबार, ०८ भदौ, २०८३**

| | |
|---|---|
| **मेष** | कामको जिम्मेवारी बढ्न सक्छ । धैर्य र योजनाबद्ध ढंगले अघि बढ्दा राम्रो उपलब्धि हासिल हुनेछ । |
| **वृष** | नयाँ काम सुरु गर्न अनुकूल समय छ । साथीभाइ तथा सहकर्मीबाट सहयोग प्राप्त हुनेछ । |
| **मिथुन** | पुराना समस्या समाधान हुनेछन् । आर्थिक लाभको सम्भावना रहे पनि अनावश्यक खर्चबाट जोगिनु राम्रो । |
| **कर्कट** | यात्राको अवसर मिल्न सक्छ । अध्ययन, रोजगारी वा व्यवसायमा प्रगतिको बाटो खुल्नेछ । |
| **सिंह** | काममा नयाँ अवसर प्राप्त हुन सक्छ । आर्थिक पक्ष बलियो बन्नेछ, तर खर्चमा नियन्त्रण गर्नु राम्रो । |
| **कन्या** | रोकिएका काम अघि बढ्नेछन् । परिवारबाट सहयोग मिल्नेछ र मनमा उत्साह बढ्नेछ । |
| **तुला** | नयाँ व्यक्तिसँगको भेट लाभदायक हुन सक्छ । व्यवसाय तथा रोजगारीमा सकारात्मक परिवर्तनको संकेत छ । |
| **वृश्चिक** | मेहनतको राम्रो मूल्यांकन हुनेछ । आर्थिक स्थिति सुधारिनुका साथै नयाँ जिम्मेवारी प्राप्त हुन सक्छ । |
| **धनु** | सोचेजस्तो काम पूरा गर्न केही समय लाग्न सक्छ । महत्वपूर्ण निर्णय गर्दा हतार नगर्नु राम्रो । |
| **मकर** | दिन उत्साहपूर्ण रहनेछ । नयाँ अवसर प्राप्त हुने र आर्थिक पक्षमा सुधार आउने सम्भावना छ । |
| **कुम्भ** | मेहनतअनुसार राम्रो परिणाम प्राप्त हुनेछ । आर्थिक कारोबार गर्दा सावधानी अपनाउनुहोला । |
| **मीन** | आत्मविश्वास बढ्नेछ र महत्वपूर्ण काममा सफलता मिल्नेछ । पारिवारिक वातावरण सुखद रहनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०/४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०८ भदौ, २०८३ (२४ अगस्ट २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ | १५२.८२ | १५३.४२ |
| युरो | १ | १७८.८३ | १७९.५३ |
| पाउन्ड स्टिर्लङ | १ | २०८.७३ | २०९.५५ |
| स्विस फ्रैन्क | १ | १९१.२३ | १९१.९८ |
| अस्ट्रेलियन डलर | १ | १०९.४६ | १०९.८९ |
| क्यानाडियन डलर | १ | १११.१७ | १११.६१ |
| सिङ्गापुर डलर | १ | १२०.४५ | १२०.९२ |
| जापानी येन | १० | ९.६४ | ९.६७ |
| चिनियाँ युआन | १ | २२.७४ | २२.८३ |
| साउदी अरब रियाल | १ | ४०.७० | ४०.८६ |
| कतारी रियाल | १ | ४१.९३ | ४२.०९ |
| थाई भाट | १ | ४.६८ | ४.६९ |
| संयुक्त अरब इमिरेट दिराम | १ | ४१.६१ | ४१.७७ |
| मलेसियन रिङ्गेट | १ | ३७.८४ | ३७.९९ |
| दक्षिण कोरियन वन | १०० | ११.०४ | ११.०८ |
| स्विडिस क्रोनर | १ | १६.१५ | १६.२१ |
| डेनिस क्रोनर | १ | २३.९२ | २४.०१ |
| हङकङ डलर | १ | १९.४९ | १९.५७ |
| कुवेती दिनार | १ | ४९८.१९ | ५००.१५ |
| बहराइन दिनार | १ | ४०५.३४ | ४०६.९३ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।



**लाखे नाच** | गुल्मीमा रेसुंगा लाखे समूहद्वारा आइतबार साँझ सदरमुकाम तम्घास बजारमा प्रदर्शन गरिएको लाखेनाच । *तस्बिरः रासस*

प्रहरी महानिरीक्षक कार्की भन्छन्

# अपराधीलाई जुनसुकै बेला कारबाहीको दायरामा ल्याइन्छ

**काठमाडौं–** प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले समाजमा घटेका आपराधिक घटना प्रहरी संगठनको 'इन्स्टिच्युसनल मेमोरी' मा रहेकाले त्यस्ता घटनामा संलग्न अपराधीलाई जुनसुकै बेला पनि कारबाहीको दायरामा ल्याइने बताएका छन् ।

उनले दशकौंपछि पनि त्यस्ता घटनामा संलग्नलाई पक्राउ गरी कानुनी कारबाही गर्दै आएको स्पष्ट पारे । प्रहरी महानिरीक्षक कार्कीले लामो इतिहास बोकेको प्रहरी संगठनले त्यस्ता घटनालाई नबिर्सने बताए । 'व्यक्तिका स्मरण छोटो समयमा समाप्त हुन्छन् । तर प्रहरी व्यक्तिको न्यायका लागि अनवरत रूपमा लडिरहने संस्था हो । यो संस्थाले त्यस्ता घटनाहरू बिर्सन्न,' रासससँगको कुराकानीमा उनले भने । यद्यपि, त्यस्ता मुद्दामा चाहेजस्तो सफलता प्राप्त नभइरहेको महानिरीक्षक कार्कीको स्वीकारोक्ति थियो ।

'ती पुराना घटनाको अध्ययन र निरन्तरको अनुसन्धानबाट घटनामा संलग्नलाई कानुनी दायरामा ल्याउने कार्य प्रहरी संगठनले गर्दै आएको छ,' उनले भने । पुराना चर्चित घटनालाई विशेष टोली गठन गरेर अनुसन्धान गरिरहेको जानकारी दिँदै उनले त्यसबाट केही-केही घटनामा राम्रो सफलता मिलेको सुनाए । प्रहरी महानिरीक्षक कार्कीले केन्द्रीय अनुसन्धान ब्युरोमार्फत पुराना जघन्य प्रकृतिका अपराधको अनुसन्धान चलिरहेको जानकारी दिए । उनले भने, 'नयाँ र पुराना मुद्दालाई सँगसँगै अनुसन्धान गर्दै लगिरहेका छौं ।'

विश्वव्यापीरूपमा बदलिँदो समाज, प्रविधि र कार्यशैलीले सुरक्षा चुनौती थपिरहेको विश्लेषण गर्दै महानिरीक्षक कार्कीले परम्परागत अनुसन्धान पद्धतिलेमात्र आधुनिकताको सम्बोधन गर्न नसक्ने बताए । 'प्रहरी कर्मचारीलाई स्वचालित र उत्प्रेरित गर्न पछिल्लो समय कार्यसम्पादन सूचक तयार गरेका छौं,' उनले भने, 'यो पूर्वानुमानयोग्य छ । कामका आधारमा मूल्यांकन हुन्छ, जसले व्यक्तिलाई सुधार्ने मौका पाउँछ ।'



महानिरीक्षक कार्कीले प्रहरी सेवालाई प्रविधिमैत्री बनाउँदै लगिएको उल्लेख गर्दै त्यसबाट नागरिकलाई प्रहरी कार्यालयसम्म पुग्नु नपर्ने अवस्था सुनिश्चित गरेको बताए । 'उहाँहरू घरबाटै पनि आफ्ना आवेदन तथा निवेदन दिन र त्यसबारे बुझ्न सहज हुनेगरी प्रणालीको विकास गरिएको छ,' उनले भने, 'नेपाल पुलिस एपमार्फत धेरै सेवा लिन सकिने छ ।'

पछिल्लो समय प्रविधिजन्य र आर्थिक अपराधका घटना वृद्धि हुँदै गइरहेको जनाउँदै उनले ती घटनाका अनुसन्धान गर्न सोहीअनुसार जनशक्ति भर्ना र परिचालनको आवश्यकता महसुस गरिएको बताए । उनले विशिष्टीकृत अनुसन्धान एकाई गठन गरिएको पनि जानकारी दिए । महानिरीक्षक कार्कीले अपराधको विश्वव्यापी सञ्जाललाई निस्तेज पार्न विभिन्न देशका प्रहरी संगठन र इन्टरपोलको माध्यमबाट अन्य मुलुकका विशिष्टीकृत, विकसित र लोकप्रिय अनुसन्धानमूलक एकाइसँग आवश्यक समन्वय गरिएको जानकारी दिए ।

'नेपाल प्रहरीले आधुनिक 'पुलिसिङ'का स्टयाण्डर्डलाई अवलम्बन गर्दै अन्य मुलुकका विशिष्ट प्रहरी संगठनका सदस्यसँग समन्वय गरिरहेको छ,' महानिरीक्षक कार्कीले भने । उनले प्रविधिको प्रयोगबाट भएका आपराधिक क्रियाकलाप रोक्न प्रहरी संगठन सक्षम हुने विश्वास व्यक्त गरे । *रासस*

# तामाङ भाषा संस्कृतिको पुस्तान्तरणमा जोड



■ प्रभाव संवाददाता

**काठमाडौं–** तामाङ अगुवाहरूले तामाङ भाषा, संस्कार, संस्कृति, संगीत र मौलिक पहिचानको संरक्षण तथा पुस्तान्तरणमा जोड दिएका छन् । आइतबार तामाङ संस्कृतिका मर्मज्ञ झ्याम्याङ लामाको १०७औं स्मृति दिवस तथा संगीत सम्राट गोपाल योञ्जनको ८३औं जन्मजयन्तीको अवसरमा आयोजित कार्यक्रमका वक्ताहरूले सो कुरा बताएका हुन् ।

घेदुङको केन्द्रीय कार्यालयमा आयोजित 'तामाङ स्रस्टा सम्मान तथा विशेष सांगीतिक गेताङ' कार्यक्रममा बोल्दै घेदुङका संघीय अध्यक्ष रामकृष्ण ब्लोनले तामाङ पहिचानसँग सम्बन्धित विषयहरूको अभिलेखीकरण र पुस्तान्तरणमा योगदान पुऱ्याउएका अग्रजहरूप्रति सम्मान व्यक्त गरे । उनले तामाङ भाषा, संस्कार, संस्कृति, संगीत र मौलिक पहिचानको संरक्षण र पुस्तान्तरण गर्ने कार्यमा घेदुङले निरन्तर काम गर्दै आएको प्रस्ट पारे । सोही उद्देश्यले यो कार्यक्रम आयोजना गरिएको उनको भनाइ थियो ।

लेखक तथा अनुसन्धानदाता रवीन्द्र तामाङले झ्याम्याङ लामाले तामाङ समुदायका संस्कार संस्कृतिलगायतका विषयमा पुऱ्याएको योगदानको चर्चा गरे । उनले लामाको व्यक्तित्वबारे विशेष चर्चा र सम्मान व्यक्त गरेका थिए । अन्तर्राष्ट्रिय तामाङ परिषद्का महासचिव टासी लामालगायतका वक्ताहरूले पनि झ्याम्याङ लामाको योगदानबारे चर्चा गर्दै भाषा र संस्कार संस्कृतिको संरक्षण एवं पुस्तान्तरणमा जोड दिए ।

सोही क्रममा तामाङ लोकसम्राट चन्द्रकुमार मोक्तानले झ्याम्याङ लामाकै शब्द रचना रहेको 'सा छ्या, नम छ्या' बोलको सृष्टिको गीत गाएका थिए । कार्यक्रममा वरिष्ठ गायक तथा संगीतकार चन्द्रकुमार दोङलाई विशेष सम्मान गरिएको थियो ।

सोही कार्यक्रममा संगीत सम्राट योञ्जनको योगदानबारे चर्चा गर्नुका साथै कलाकारहरूले उनका गीतहरू प्रस्तुत गरेका थिए । बरिष्ठ संगीतकार शिलाबहादुर मोक्तानसमेत उपस्थित रहेको कार्यक्रममा वरिष्ठ गायिका कुन्ति मोक्तानले संगीत सम्राट योञ्जनको गीत प्रस्तुत गरेकी थिइन् । गायक तथा संगीतकार छेवाङतेञ्जिङ लामाले गोपाल योञ्जनको गायन र शब्द संगीत रहेको 'ङाला डम्फु' बोलको गीत प्रस्तुत गरेका थिए ।

नेपाल तामाङ घेदुङ संघीय कार्यसमितिको आयोजना तथा नेपाल तामाङ संस्कृति घेदुङ र झ्याम्याङ लामा स्मृति प्रतिष्ठानको सहआयोजनामा कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रमको संयोजन घेदुङकी वरिष्ठ उपाध्यक्ष सञ्चु ब्लोनले गरेकी थिइन् ।

घेदुङले आज पनि 'तामाङ ज्ञान-संस्कृति विमर्श कार्यक्रम' आयोजना गर्दै छ । कार्यक्रममा मानवशास्त्री डा. मुक्तसिं लामा, संस्कृतिविद् बुद्धि तामाङ, भाषा तथा लिपिबिज्ञ अजितमान तामाङ र राजेन्द्र थोकर तामाङ, वरिष्ठ पत्रकार कुमार यात्रु तामाङले कार्यपत्र प्रस्तुत गर्ने कार्यक्रम संयोजक ब्लोनले जानकारी दिइन् ।


**कुवेतमा रोजगार** — कम्पनी : FAWAZ TRADING & ENGINEERING SERVICES CO.

पूर्व स्वीकृति मिति : २०८२/११/११ | पुनः विज्ञापन स्वीकृति मिति : २०८३/०५/०७ | LT. No. 339495 | चलानी नं. ६०२५२९०९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Civil Supervisor | 3 | 0 | 380 | १,८८,७४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Fire Fighting Fitter (Technician) | 5 | 0 | 130 | ६४,५६९ | | | | | | | |
| 3. | Instrument Technician | 2 | 0 | 230 | १,१४,२३८ | | | | | | | |
| 4. | Labour | 22 | 0 | 100 | ४९,६६९ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८३ भाद्र १५ गते (31 Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.२५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1136/073/074
DEEP JYOTI MANPOWER SERVICE PVT LTD.
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4590678, 4592910,
Contact No.9801797200, 9808046424 E-mail : deepjyotimanpower1136@gmail.com, Web: deepjyotimanpower.com.np



**साउदीमा रोजगार** — कम्पनी : FAWAZ HAMDAN AL-MUTAIRI COMPANY LIMITED

पूर्व स्वीकृति मिति : २०८३/०५/०५ | LT. No. 340856 | चलानी नं. ६०२५४१८१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 10 | 0 | 1000 | ४०,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : FAISAL BADR ASSHEBANI

पूर्व स्वीकृति मिति : २०८३/०५/०५ | LT. No. 340888 | चलानी नं. ६०२५४१९०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 9 | 0 | 1000 | ४०,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ १५ गते (31st Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

LIC No. 1082/073/74
NEPAL HR SOLUTION PVT. LTD.
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Tel: 01-01-4593555/4593554, 9852651444
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com



**साउदीमा रोजगार** — कम्पनी : NAWAH AL TAB MEDICAL COMPANY

पूर्व स्वीकृति मिति : २०८३/०५/०३ | LT. No. 346678 | चलानी नं. ६०२६०१३३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helpers/Loading and Unloading Workers | 1 | 0 | 1500 | ६१,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ १५ गते (31st Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

FAST EMPLOYMENT SERVICE (P) LTD
Kunpondole, In front of Hotel Himalaya, Lalitpur, Tel. No: +977-5180421/ 5180431, 9808155760 Sunita shrestha
9860868244 Madan Bhattarai, E-mail : fastemployment1399@gmail.com, Web: www.fastemployment.com.np
Govt. License 1399/074/75



**कतारमा रोजगार** — कम्पनी : AL WALEED FOR SERVICES & TRADING

पूर्व स्वीकृति मिति : २०८२/०४/२५ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/०७ | LT. No. 346348 | चलानी नं. ६०२५९६१६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Cleaner | 2 | 0 | 1300 | ५४,५९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ १५ गते (31st Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Max Employment Center Pvt. Ltd.
Bijay Chowk-9 Kathmandu, Nepal
Mobile No. Santosh (9813663119), Nanu (9700810329), Resham (9851408480)
Email: maxecenter@gmail.com /www.maxecenter.com
श्रम ईजाजत नं. १५३१/०७८/०७९



**जापानमा रोजगार** — कम्पनी : CHUGOKU ECONOMIC EXCHANGE COOPERATIVE

पूर्व स्वीकृति मिति : २०८३/०५/०५ | LT. No. 346904 | चलानी नं. ६०२६०१२६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब YEN | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Metal Heating Furnus Worker | 4 | 0 | 179747 | १७४,००० | क.नि. अनुसार | ८ घण्टा | ५ दिन | क.नि. अनुसार | छैन | छैन | ३ वर्ष |

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**
(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रूपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः**
(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।
१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले ८ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः १०,०००
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोट**ः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**ः
१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।
द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ १५ गते (31st Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1544/078/079
TIRUPATI H.R. SOLUTION (P) LTD
Sinamangal 9, Airport, Kathmandu, Nepal, Tel: 014533441, 9851183897
Email: tirupatihrsolution@gmail.com, Web: www.tirupati.hr.com.np



**कतार/साउदीमा रोजगार** — कम्पनी : BRUXELL BUILDING CONTRACTING

पूर्व स्वीकृति मिति : २०८३/०१/२९ | पुन विज्ञापन स्वीकृति मिति : २०८३/०५/०७ | LT. No. 341940 | चलानी नं. ६०२५५२८२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountants (CPA) | 1 | 0 | 3600 | १५१,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Assistant Accountant | 1 | 0 | 3000 | १२५,९९० | | | | | | | |
| 3 | Assistant Stone Mason | 2 | 0 | 1200 | ५०,३९५ | | | | | | | |
| 4 | Brick Mason, Weldiong Technician, P | 1 | 0 | 1200 | ५०,३९५ | | | | | | | |
| 5 | Carpenter Concrete/shuttring | 2 | 0 | 1200 | ५०,३९५ | | | | | | | |
| 6 | Carpenter/plaster Worker | 1 | 0 | 1200 | ५०,३९५ | | | | | | | |
| 7 | Driver Al Vehicles | 1 | 0 | 1400 | ५८,७९५ | | | | | | | |
| 8 | Labour | 2 | 0 | 1000 | ४२,००० | | | | | | | |
| 9 | Painter/painter Building | 1 | 0 | 1200 | ५०,३९५ | | | | | | | |
| 10 | Skill Worker (Welder) | 2 | 0 | 1200 | ५०,३९५ | | | | | | | |
| 11 | Stone Mason | 1 | 0 | 1200 | ५०,३९५ | | | | | | | |
| 12 | Supervisor | 1 | 0 | 2500 | १०४,९९० | | | | | | | |

कम्पनी : ZAID SAAD NASIR ALDAFIAN CAR REPAIR SHOP

पूर्व स्वीकृति मिति : २०८३/०४/१९ | LT. No. 346043 | चलानी नं. ६०२५९२६५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | AGERAGE WORKER | 2 | 0 | 1200 | ४९,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : YOUSEF ALI AL-HASSOUN GENERAL CONTRACTING EST.

पूर्व स्वीकृति मिति : २०८३/०४/१९ | LT. No. 346044 | चलानी नं. ६०२५९२४८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | LAODING & UNLOADING WORKER | 1 | 0 | 1300 | ५२,९७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ भदौ १५ गते (31st Aug. 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1518/074/075
OM OVERSEAS EMPLOYMENT PVT.LTD
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656(Santosh Bhatta),
+9779810259009 (Magaj Bogati), E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### सिण्डिकेट तोड्न सरकार-व्यवसायी साझेदारी अपरिहार्य

वैदेशिक रोजगार क्षेत्रमा पुनः एकाधिकार (सिण्डिकेट) को प्रवेशले यो क्षेत्रलाई तरंगित बनाएको छ । मुलुकको अर्थतन्त्रलाई टेको दिइरहेको यस क्षेत्रमा पटक–पटक एकाधिकारको प्रयास हुँदै आएकोमा असफल हुँदै आएको थियो । तर यसपटक मलेसियाको रोजगारीमा सिण्डिकेट प्रवेश गरिछाड्यो । मलेसिया सरकारले कार्यान्वयनमा ल्याएको एकीकृत प्रणाली 'फरेन वर्कर्स सेन्ट्रलाइज्ड म्यानेजमेन्ट सिस्टम' (एफडब्ल्युसिएमएस) मा नेपालका केवल २५ वटा म्यानपावर कम्पनीलाई मात्र सूचीकृत गरिएको छ । सूचीकृत म्यानपावरले मात्र नेपालबाट श्रमिक पठाउन पाउनेगरी नयाँ प्रणाली लागू गरिनुले खुला प्रतिस्पर्धालाई निषेध गर्न नपाउने नेपालको कानुनमाथि नै ठाडो चुनौती दिएको छ ।

एक हजारभन्दा बढी इजाजत प्राप्त संस्था (म्यानपावर कम्पनी) लाई पाखा लगाएर सीमित संस्थालाई मात्र श्रमिक भर्नाको अधिकार सुम्पिनुले सिण्डिकेटलाई संस्थागत गर्ने प्रस्ट संकेत गर्छ । वैदेशिक रोजगार ऐन, नियमावली र प्रचलित अन्तर्राष्ट्रिय श्रम कानुनविपरीत हुने यस्ता कुनै पनि प्रकारका एकाधिकारवादी कदमलाई कुनै पनि हालतमा स्वीकार गरिनु हुँदैन ।

मलेसियाको मानव संसाधन मन्त्रालयले भर्ना प्रक्रियालाई डिजिटल, व्यवस्थित र पारदर्शी बनाउन यो कदम चालिएको दाबी गरे पनि यसको भित्री स्वरूप पूर्णतः विभेदकारी र नियतवश गरिएको देखिन्छ । विगतमा पनि पटक–पटक स्वास्थ्य परीक्षण, बायोमेट्रिक, भर्ना प्रक्रिया र कूटनीतिक आवरणमा मलेसिया रोजगारीमा सिण्डिकेट खडा गर्ने अनि त्यसैका माध्यमबाट नेपाली श्रमिकहरूमाथि अतिरिक्त आर्थिक भार थुपार्ने गिरोह सक्रिय रहँदै आएको इतिहास छ । प्रणाली सुधारका नाममा निश्चित म्यानपावर व्यवसायीलाई मात्र फाइदा पुग्नेगरी गरिएको यो निर्णयले बजारमा अनुचित आर्थिक लेनदेन र बिचौलियाको भूमिकालाई प्रश्रय दिन्छ ।

यो अवस्थामा नेपाल सरकार र वैदेशिक रोजगार व्यवसायीहरूबीचको बलियो साझेदारी र समान दृष्टिकोण अपरिहार्य बनेको छ । सरकारले कूटनीतिक तहबाट मलेसियाली पक्षसँग संवाद थाल्नु र साविककै खुला प्रणाली निरन्तर गर्न परराष्ट्र मन्त्रालयमार्फत औपचारिक पत्राचार गर्नु स्वागतयोग्य कदम हो । तर, यो विरोध केवल पत्राचारमामात्र सीमित हुनु हुँदैन । सरकारले द्विपक्षीय श्रम सम्झौताबमोजिम तत्काल संयुक्त प्राविधिक समितिको बैठक आह्वान गरी मलेसियासमक्ष नेपालको प्रस्ट र दृढ अडान प्रस्तुत गर्नुपर्छ ।

यता वैदेशिक रोजगार व्यवसायी संघले पनि अनुचित लाभ लिएर प्रणालीमा समावेश भएका भनिएका संस्थाहरूमाथि निष्पक्ष छानबिन र कानुनी कारबाहीको प्रक्रिया अघि बढाएर आन्तरिक शुद्धीकरणको कठोर सन्देश दिनुपर्छ । सरकार र व्यवसायी छुट्टाछुट्टै कित्तामा उभिनुको सट्टा सिण्डिकेट तोड्न एउटै बलियो आवाज बनेर अघि बढ्नुपर्छ ।

कुनै पनि देशसँगको श्रम सम्झौता वा प्रणाली सुधारको मूल मर्म नेपाली श्रमिकको अधिकार, हित र सुरक्षा हुनुपर्छ । वैदेशिक रोजगारीमा जाने साधारण नागरिकहरूले प्रशासनिक झन्झटमुक्त, पारदर्शी र न्यायोचितरूपमा रोजगारी पाउनु उनीहरूको नैसर्गिक अधिकार हो । बजारमा एकाधिकार कायम हुँदा श्रमिकहरूमाथि बिचौलियाको शोषण बढ्ने, ठगीका घटना दोहोरिने र वैदेशिक रोजगारी झन् जोखिमपूर्ण बन्ने निश्चित छ । त्यसैले, सरकारले वैधानिक इजाजतपत्र प्राप्त सम्पूर्ण व्यवसायीहरूलाई समान र निष्पक्ष अवसर सुनिश्चित हुने वातावरण बनाउन दृढतापूर्वक कूटनीतिक दबाब बढाउनुपर्छ । कानुनविपरीतका यस्ता जुनसुकै स्वरूपका सिण्डिकेटलाई पूर्णतः निषेध गर्दै श्रमिकको हितलाई सर्वोपरि राखेर राज्यले कठोर निर्णय लिनु नै अहिलेको निर्विकल्प आवश्यकता हो ।

## श्रम सरोकार

### वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन् । त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ । कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ । रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ । तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ । उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन । उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ । उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ । समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन । यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ । तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस् । नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन् । यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस् ।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन् । तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस् । उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन् । खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ । मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ । कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ । रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस् ।

# सेयरबजारको चक्र: सुस्तताभित्रै भविष्यको आशा



❑ रिसव गौतम

> सेयरबजारको भविष्यबारे ठ्याक्कै भविष्यवाणी गर्न सकिँदैन । नेप्से भोलि कति अंक बढ्छ वा घट्छ भन्ने कुरा कसैले निश्चितरूपमा भन्न सक्दैन । तर इतिहास, वर्तमान आर्थिक परिसूचक र नीतिगत वातावरणलाई एकै ठाउँमा राखेर हेर्दा अहिलेको बजारमा निराश हुने कारण देखिँदैन । यदि ब्याजदर अनुकूल रहीरह्यो, कर्जा विस्तार भयो, सरकारको पुँजीगत खर्च बढ्यो, निजी क्षेत्रको लगानी बढ्यो र कम्पनीहरूको आम्दानीमा सुधार भयो भने त्यसको सकारात्मक प्रभाव सेयरबजारमा पर्न सक्छ ।

अर्थतन्त्रका बाह्य सूचकहरू राम्रो रहँदा, आन्तरिकरूपमा तरलतायोग्य रकम बैंकहरूमा पर्याप्त रहँदा र ब्याजदर निरन्तर घट्दा पनि लगानीकर्ताहरूको मनोबल उठ्न सकेको छैन । वित्तीय बजारमा कर्जाको माग अत्यन्त न्यून छ । व्यवसायी तथा सेयर लगानीकर्ता त्रस्त छन् । खासगरी नयाँ सरकारको अपरिपक्व शैली, सुशासनको नाममा निजी क्षेत्रका उद्यमी व्यवसायीहरूमाथिको धरपकडले व्यावसायिक वातावरणमा खलल पुगेको छ ।

विश्वमा कहीं पनि त्यस्तो देश छैन, जहाँ हजारौंलाई रोजगारी दिने र करोडौं राजस्व तिर्ने व्यवसायीहरूमाथि राज्यनै लागेर कैदीझैं व्यवहार गरोस् । व्यवसायीहरू भनेका कुनै पनि देशका गहना हुन् । जसले समृद्धिको उज्यालो भित्र्याउन सक्छन् । त्यसकारण तिनीहरूबाट विगतमा गल्ती नै भएका रहेछन् भने पनि उनीहरूलाई तर्साएर होइन, धरपकड गर्ने होइन, शोधपुछ गरेर, सम्मानपूर्वक आर्थिक जरिवानाको दण्ड गरिनुपर्छ, यदि कानुनबेगरको काम भएका रहेछन् भने । तर विनाप्रमाण, विनाआधार होहल्लाको भरमा उनीहरूमाथि प्रहरी लगाएर समात्ने, मुद्दा मामिलामा अल्झाइदिने काम गलत हो । त्यस्तो कामले न त राज्यमा उद्यमशील वातावरण बन्छ, न त रोजगारी सिर्जना हुन्छ, न त राज्यको राजस्व आय नै बढ्छ ।

त्यस्तो कामले पूरै देशको व्यावसायिक वातावरण भत्कन्छ । अनि त बैंकहरूमा पैसा थुप्रिने र ऋणको माग नहुने भइहाल्छन् । यस्तो अवस्था लामो समय रहिरहँदा पुँजी पलायन हुन सक्छन् । नेपालमा नभएर व्यवसायीहरूले विदेशमा लगानी गर्न सक्छन् । त्यसकारण व्यावसायिक वातावरण भनेको आर्थिक समृद्धिको महत्त्वपूर्ण आधार हो । व्यावसायिक वातावरण प्रगाढ भयो भने बैंकहरूमा ऋणको माग बढ्छ, नयाँ-नयाँ उद्यमीहरू जन्मन सक्छन् । तिनले राज्यमा रोजगारी सिर्जना गर्छन् । आर्थिक गतिविधि बढ्छन् । निर्यात बढ्छ । र, देश धनी हुने बाटोमा अघि बढ्छ । अनि न सेयरबजारमा रौनक आउँछ ।

## राजनीति र सेयरबजार

सेयरबजारमा राजनीतिले जहिल्यै प्रभाव




पार्छ । खासगरी राजनीतिक दलहरू विभिन्न विचारधारा बोकेर अस्तित्वमा छन् । कोही उदार अर्थतन्त्रको पक्षमा छन् त कोही नियन्त्रित अर्थतन्त्रको पक्षमा । कतिपय दलहरू पछिल्लो समय उदार र नियन्त्रित दुवै खालका नीतिको बीचबाट अघि बढिरहेका छन् । त्यसकारण कुन राजनीतिक दल सरकारमा छ, उसले कस्तो आर्थिक नीति लिन्छ, निजी क्षेत्र र पुँजीबजारलाई कसरी हेर्छ भन्ने कुराले सेयरबजारमा प्रत्यक्ष तथा परोक्षरूपमा प्रभाव पार्दछ ।

राजनीतिका कारण आर्थिक र व्यावसायिक वातावरणलाई प्रभाव पार्ने समाचारहरू सेयरबजारका लागि उत्तिकै महत्त्वपूर्ण हुन्छन् । सरकार परिवर्तन हुने संकेत, अर्थमन्त्रीको नियुक्ति, बजेट वा करका दर हेरफेर, नियामकीय नीतिमा परिवर्तन, सार्वजनिक खर्च, निजी क्षेत्रप्रतिको सरकारको दृष्टिकोण वा राजनीतिक स्थायित्वसँग जोडिएका समाचारहरूले लगानीकर्ताको मनोविज्ञानलाई तत्काल प्रभावित गर्छन् । जसले बजारलाई बढाउने तथा घटाउन भूमिका खेल्छ । त्यसकारण सेयरबजार अलिकति अनिश्चितताको बजार पनि हो । राजनीतिले बजारलाई हल्लाउन सक्छ, तर बजारलाई दीर्घकालमा टिकाउने भनेकोचाहिँ अर्थतन्त्र र कम्पनीहरूको वास्तविक आर्थिक अवस्थाले नै हो । यही कुरा नेपालको सेयरबजारको इतिहासले पनि देखाउँछ । नेपालको सेयरबजारमा विगत दुई दशकमा पटक-पटक ठूला बुल र बियर साइकल आएका छन् ।

सन् २००८ मा नेप्सेले करिब १२ सयको तह छोएको थियो । त्यसपछि लामो समय बजार घट्यो र २०१२ तिर ३०० को आसपाससम्म झर्‍यो । त्यसपछि फेरि बजारले लामो उकालो यात्रा तय गर्दै सन् २०१६ मा १८ सय बिन्दुभन्दा माथिको उच्च तह परीक्षण गर्‍यो । त्यसपछि पुनः करेक्सन आयो र २०१९ मा नेप्से परिसूचक करिब ११ को बिन्दु आसपास झर्‍यो ।

त्यसपछि भने बजारले अर्को ठूलो यात्रा तय गर्‍यो । सन् २०१९ को अन्त्यतिर करिब ११ सयको आसपास रहेको नेप्से कोरोनाकालमा बैंकिङ प्रणालीमा आएको अधिक तरलता, घटेको ब्याजदर, घरमै बसेर लगानी गर्नुपर्ने बाध्यता, डिजिटल कारोबारको विस्तार तथा लगानीकर्ताको बढ्दो सहभागिताका कारण सन् २०२१ मा ३२ सयभन्दा माथिको ऐतिहासिक उचाइसम्म नेस्से पुग्यो ।

यसरी हेर्दा नेपालको सेयरबजारमा बजारको चक्र नयाँ कुरा होइन । एउटा चरणमा अत्यधिक उत्साह आउँछ, त्यसपछि करेक्सन हुन्छ, बजार केही समय सुस्त रहन्छ र फेरि नयाँ आधारमा अर्को यात्रा तय हुन्छ ।

त्यसकारण अहिले २६ सयको आसपासमा चक्कर लगाइरहेको सेयरबजारलाई त्यही ऐतिहासिक चक्रको एउटा चरणका रूपमा हेर्न सकिन्छ । त्यसमाथि अहिले नै नेपालमा डिम्याट खाता खोल्नेहरू ८० लाख पुगेका छन् । सेयरबजारका लागि यो पनि एउटा सकारात्मक कुरा हो । त्यसले बजारप्रति मानिसहरूको आकर्षण बढिरहेको प्रमाणित गर्छ। सेयर लगानीकर्तामात्र होइन, पछिल्ला वर्षहरूमा नेप्सेमा सूचीकृत संस्थाहरू पनि बढिरहेका छन् । हाल २८४ वटा संस्था नेप्सेमा सूचीकृत छन् भने झण्डै ७०-८० वटा व्यावसायिक संस्थाहरू आइपिओ निष्कासनको प्रक्रियामा छन् । तिनीहरूको आइपिओ निष्कासनले झन् सेयरबजारप्रति सर्वसाधारणको आकर्षण व्यापक बढाउने छ । किनकि, १० कित्ते गोलाप्रथा चिट्ठा नीतिले सर्वसाधारणलाई बजारप्रति आकर्षण बढाएको छ ।

## राजनीति र बजारको सम्बन्ध

राजनीतिका कारण बजारमा आउने उतारचढावलाई हामीले विगतमा धेरैपटक देखेका छौं । कुनै राजनीतिक घटनाले दुई दिनमै बजार ठूलो अंकले घट्न सक्छ । कुनै सकारात्मक राजनीतिक संकेतले केही दिनमै बजारलाई उकालो लगाउन सक्छ । तर त्यस्तो प्रभावको आयु प्रायः छोटो हुन्छ । जस्तो कि कुनै सरकार सेयरबजारमैत्री देखिएपछि बजारमा उत्साह आउन सक्छ । तर केही समयपछि कम्पनीको नाफा बढेन, बैंकको कर्जा विस्तार भएन, ब्याजदर बढ्यो र अर्थतन्त्र सुस्त भयो भने राजनीतिक उत्साहलेमात्रै बजारलाई लामो समय माथि लैजान सक्दैन ।

यसको उल्टो पनि सत्य हो । राजनीतिक वातावरणमा केही नकारात्मकता भए पनि कम्पनीको व्यवसाय राम्रो भइरहेको छ, बैंकिङ प्रणालीमा तरलता पर्याप्त छ, ब्याजदर घटिरहेको छ र अर्थतन्त्र विस्तार भइरहेको छ भने बजारले अन्ततः त्यसलाई मूल्यमा समेट्छ ।

यसरी हेर्दा राजनीतिक घटनाक्रमले सेयरबजारमा छोटो अवधिका लागि अस्थिरता निम्त्याउँछ । तर दीर्घकालमा आर्थिक तत्व, व्यावसायिक वातावरण, आर्थिक नीति र कम्पनीको वित्तीय अवस्था नै महत्त्वपूर्ण हुन्छ ।

## के बजार अब लम्कन्छ ?

सेयरबजारको भविष्यबारे ठ्याक्कै भविष्यवाणी गर्न सकिँदैन । नेप्से भोलि कति अंक बढ्छ वा घट्छ भन्ने कुरा कसैले निश्चितरूपमा भन्न सक्दैन । तर इतिहास, वर्तमान आर्थिक परिसूचक र नीतिगत वातावरणलाई एकै ठाउँमा राखेर हेर्दा अहिलेको बजारमा निराश हुने कारण देखिँदैन । सन् २००८ पछि बजारले ३०० को तह देख्यो । त्यही बजार केही वर्षपछि १८ सय माथिको बिन्दुमा पुग्यो । सन् २०१९ मा ११ सयको आसपास आएको बजारले दुई वर्ष नपुग्दै ३२ सय माथिको ऐतिहासिक उचाइ बनायो । यसले एउटा कुरा के प्रस्ट पार्दछ भने आजको नेप्सेको अंकलाई हेरेर भोलिको बजारको सम्पूर्ण कथा लेख्न सकिँदैन ।

अहिले २६ सयभन्दा केही माथि रहेको बजार भोलि यही अंकमा रहला वा तलमाथि होला, त्यो बजारको स्वभाव हो । तर यदि ब्याजदर अनुकूल रहीरह्यो, कर्जा विस्तार भयो, सरकारको पुँजीगत खर्च बढ्यो, निजी क्षेत्रको लगानी बढ्यो र कम्पनीहरूको आम्दानीमा सुधार भयो भने त्यसको सकारात्मक प्रभाव सेयरबजारमा पर्न सक्छ ।

त्यसकारण अहिलेको सुस्ततालाई पनि बजार बढने तयारीका रूपमा हेर्न भने सकिन्छ। सेयरबजार सधैं उत्साहको चरम बिन्दुबाट मात्र उकालो लाग्दैन । धेरैपटक बजारले निराशा र अन्योलको समयमा नयाँ आधार बनाउँछ । अहिलेको २६ सय आसपासका घनचक्कर लगाइरहेको सेयरबजार पनि त्यस्तै एउटा चरणमा हुनसक्छ ।

## पाठक मञ्च

### प्रधानमन्त्रीको मुस्ताङ भ्रमणबारे उब्जिएका सवालहरू

प्रधानमन्त्री वालेन्द्र शाहको मुस्ताङ भ्रमणलाई लिएर भइरहेको टिकाटीप्पणीले मेरो पनि ध्यान तानेको छ । देशको कार्यकारी प्रमुख कुनै पनि ठाउँमा जाँदा चासो हुनु स्वाभाविक हो । तर यो भ्रमणको प्रकृति, समय र गोपनीयताले भने अनेकौं अनुत्तरित प्रश्न र संशयहरू उब्जाएको छ ।

प्रधानमन्त्रीको सचिवालयले यस भ्रमणलाई 'पूर्णतः निजी' भनेर पन्छिन खोजेको छ । तर, लोकतान्त्रिक व्यवस्थामा देशको सार्वभौम सत्ता र शासनसत्ता सम्हालेर बसेको कार्यकारी प्रमुखको गतिविधि कहिल्यै पनि पूर्ण रूपमा 'व्यक्तिगत' हुन सक्दैन । उनले प्रयोग गर्ने स्रोत-साधन, सुरक्षा संयन्त्र र राजकीय हैसियत नागरिकको कर र विश्वासमा टिकेको हुन्छ । त्यसैले प्रधानमन्त्री कहाँ जाँदै छन्, टोलीमा को-को सहभागी छन् र भ्रमणको मुख्य उद्देश्य के हो भन्ने आधारभूत सूचना पाउने हक जनतालाई छ ।

सबैभन्दा उब्जिएको पहिलो प्रश्न 'सुरक्षा चुनौती'को बहाना हो । प्रधानमन्त्रीको सचिवालय र स्थानीय प्रशासनले सुरक्षाको कारण देखाउँदै भ्रमणको विस्तृत विवरण दिन अस्वीकार गरेका छन् । प्रमुख प्रतिपक्षी दलका नेताहरूले उठाएजस्तै, यदि देशभित्रै प्रधानमन्त्री आफैं असुरक्षित छन् भने त्यो सुरक्षा निकाय र राज्यको लाचारी हो । अनि यदि प्रधानमन्त्री नै आफ्नै मुलुकमा निर्धक्क घुम्न सक्दैनन् भने आमनागरिकको सुरक्षाको अवस्था कस्तो होला ? कि त प्रधानमन्त्री साँच्चै नै आन्तरिक वा बाह्य पक्षबाट असुरक्षित छन्, कि त गोपनीयता ढाक्न सुरक्षालाई केवल एउटा सस्तो बहाना बनाइएको छ । यी दुवै अवस्था राज्यको सुशासनका लागि हितकर मान्न सकिँदैन ।

दोस्रो र सबैभन्दा संवेदनशील पाटो भनेको मुस्ताङको भूराजनीतिक अवस्थिति हो । मुस्ताङ केवल हिमाली पर्यटकीय जिल्लामात्र होइन; यो चीनको स्वशासित क्षेत्र तिब्बतसँग सीमा जोडिएको भूराजनीतिक रूपमा अत्यन्तै संवेदनशील क्षेत्र हो । सञ्चारमाध्यममा आएका समचारअनुसार पछिल्लो समय लोमान्थाङस्थित ल्हो घ्याकर गुम्बा आसपास विदेशी कूटनीतिज्ञहरूको आवागमन एकाएक बढेको छ । अमेरिकी राजदूत डिन आर थम्पसन र सार्वजनिक मामिला प्रमुख माइक जे हार्करजस्ता उच्चपदस्थ कूटनीतिज्ञहरूको शृंखलाबद्ध भ्रमण लगत्तै प्रधानमन्त्री शाहको सोही क्षेत्रतर्फको अपारदर्शी यात्रालाई सामान्य रूपमा लिन सकिँदैन । भूराजनीतिक मामिलाका विश्लेषकहरूले मुस्ताङलाई भूराजनीतिको 'इपिसेन्टर'का रूपमा व्याख्या गरिरहेका बेला प्रधानमन्त्रीको यो रहस्यमयी मौनताले कूटनीतिक वृत्तमा गलत सन्देश प्रवाह गरिरहेको छ ।

तेस्रो पक्ष, यो भ्रमण विगतका विवादहरूसँग जोडिनु हो । केही समयअघि सरकारले नेपालको एक रूपैयाँको सिक्कामा ल्हो घ्याकर गुम्बाको तस्बिर राख्ने निर्णय गर्दा चुच्चे नक्सासँग सम्बन्धित प्राविधिक तथा राष्ट्रियताका विषयलाई लिएर चौतर्फी विरोध भएको थियो । विवाद बढेपछि सरकार पछि हटेको थियो । तसर्थ, पहिले विवादित बनेको त्यही स्थानमा अहिले कूटनीतिज्ञहरूको बाक्लो उपस्थिति हुनु र लगत्तै प्रधानमन्त्री सुटुक्क पुग्नुले नागरिकमा शंका पैदा हुनु स्वाभाविक हो ।

चौथो, प्रधानमन्त्रीको प्राथमिकता र दायित्वमाथि पनि प्रश्न उठेको छ । देशका विभिन्न भागमा बाढीपहिरोको वितण्डा छ, मधेसमा धार्मिक तथा सामाजिक सद्भावमा आएको खललका कारण उत्पन्न तनाव साम्य भइसकेको छैन । संसद्मा बजेट र नीतिगत विषयमा पर्याप्त छलफल हुनुपर्ने छ, जनताका दैनिक जीविकाका समस्याहरू उस्तै छन् । यस्ता महत्त्वपूर्ण राष्ट्रिय मुद्दाहरूमा संसद् र जनतासामु उपस्थित नहुने, तर राष्ट्रिय-अन्तर्राष्ट्रिय चासोको केन्द्र बनेको उत्तरी सीमा क्षेत्रमा सुटुक्क पुग्ने शैलीले प्रधानमन्त्रीको जनउत्तरदायित्वमाथि औंला ठडयाएको छ ।

विगतमा प्रधानमन्त्रीहरू निजी वा धार्मिक भ्रमणमा जाँदा पनि पूर्वसूचना, टोलीका सदस्यहरूको विवरण र कार्यतालिका सार्वजनिक गर्ने लोकतान्त्रिक अभ्यास थियो । यसले गोपनीयता भंग गर्ने नभई नागरिकप्रतिको पारदर्शिता र उत्तरदायित्व दर्शाउँथ्यो । तर वर्तमान प्रधानमन्त्रीको हकमा अपनाइएको अति-गोपनीयताले लोकतान्त्रिक मूल्यमान्यताको खिल्ली उडाएको छ ।

लोकतन्त्रमा सरकारका हरेक कदम पारदर्शी र उत्तरदायी हुनुपर्छ । तसर्थ, प्रधानमन्त्रीको सचिवालय र स्वयं प्रधानमन्त्रीले यस भ्रमणको वास्तविक उद्देश्य, भेटघाट र खर्चको विवरण स्पष्टरूपमा सार्वजनिक गरी नागरिकमा उब्जिएका भूराजनीतिक र राजनीतिक संशयहरू अविलम्ब निवारण गर्नुपर्छ । गोपनीयताले शंकालाई मात्र मलजल गर्छ, पारदर्शिताले मात्र लोकतान्त्रिक सरकारको गरिमा बढाउँछ ।

**- अमित श्रेष्ठ**
स्वतन्त्र नागरिक, काठमाडौं



**हात्ती प्रजनन केन्द्र** | चितवन राष्ट्रिय निकुञ्जअन्तर्गतको हात्ती प्रजनन तथा तालिम केन्द्र खोरसोरमा रहेका हात्ती । *तस्बिरः रासस*

# प्राविधिक शिक्षामा कालिका मेडिकल इन्स्टिच्युटको योगदान

■ प्रभाव संवाददाता

**नवलपुर–** गैंडाकोटमा अवस्थित कालिका मेडिकल एण्ड टेक्निकल इन्स्टिच्युटले विगत २९ वर्षदेखि स्वास्थ्य तथा प्राविधिक शिक्षाको क्षेत्रमा योगदान पु¥याउँदै आएको छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सिटिइभिटी) बाट सम्बन्धन प्राप्त यस इन्स्टिच्युटले विद्यार्थीलाई सैद्धान्तिक ज्ञानसँगै प्रयोगात्मक, व्यावहारिक, सीपमूलक तथा रोजगारमुखी शिक्षा प्रदान गर्दै आएको छ ।

संस्थाका प्राचार्य ध्रुवप्रसाद काफ्लेका अनुसार समयको माग, विद्यार्थीको रुचि तथा देशको श्रमबजारको मागलाई ध्यानमा राख्दै संस्थाले विभिन्न स्वास्थ्य तथा प्राविधिक विषयमा अध्ययनको अवसर प्रदान गरिरहेको छ । संस्थामा प्रमाणपत्र तह नर्सिङ, सामान्य चिकित्सा, फार्मेसी, चिकित्सा प्रयोगशाला प्रविधि, फिजियोथेरापी, डायग्नोस्टिक रेडियोग्राफी, सिभिल इञ्जिनियरिङ तथा सबसिभिल इञ्जिनियरिङलगायतका कार्यक्रम सञ्चालनमा रहेका छन् ।



इन्स्टिच्युटले स्थापनाकालदेखि नै गुणस्तरीय र व्यावहारिक शिक्षालाई प्राथमिकतामा राख्दै आएको प्राचार्य काफ्लेले बताए । 'हाम्रो उद्देश्य विद्यार्थीलाई प्रमाणपत्र मात्र प्रदान गर्नु होइन, उनीहरूलाई आफ्नो पेसागत क्षेत्रमा सक्षम, दक्ष, अनुशासित र जिम्मेवार जनशक्तिका रूपमा तयार गर्नु हो,' उनले भने, 'आजको प्रतिस्पर्धात्मक समयमा शैक्षिक योग्यता मात्र पर्याप्त हुँदैन, विद्यार्थीमा व्यवहारिक ज्ञान, सीप, आत्मविश्वास र पेसागत दक्षता आवश्यक हुन्छ । त्यसैले हामी सैद्धान्तिक शिक्षासँगै प्रयोगात्मक र व्यावहारिक शिक्षालाई विशेष प्राथमिकता दिँदै आएका छौं ।'

प्राचार्य काफ्लेले प्रविधिको तीव्र विकाससँगै शिक्षण प्रणालीमा पनि निरन्तर सुधार आवश्यक रहेको बताए । विद्यार्थीलाई आधुनिक कार्यक्षेत्रमा प्रतिस्पर्धा गर्न सक्ने बनाउन संस्थाले शिक्षण सिकाइ, प्रयोगशाला अभ्यास, क्लिनिकल अभ्यास तथा प्राविधिक अभ्यासलाई थप प्रभावकारी बनाउँदै लैजाने उनको भनाइ छ । 'विद्यार्थीले पढाइ पूरा गरेपछि केवल रोजगारी खोज्नेमात्र नभई आफ्नो सीप र क्षमताका आधारमा स्वरोजगार तथा उद्यमशील बन्न सक्ने वातावरण निर्माण गर्नु पनि संस्थाको उद्देश्य हो,' काफ्लेले भने ।

इन्स्टिच्युटकी सञ्चालक समिति सदस्य गीता सापकोटाले विद्यार्थीको भविष्य निर्माण गर्ने महत्त्वपूर्ण शैक्षिक संस्थाका रूपमा विकास गर्न आफूहरू निरन्तर प्रतिबद्ध रहेको बताइन् । '२९ वर्षको यात्रामा हामीले धेरै विद्यार्थीलाई शिक्षा र सीप प्रदान गर्न सफल भएका छौं । विद्यार्थी, अभिभावक, शिक्षक तथा समुदायले हामीमाथि गरेको विश्वास हाम्रो ठूलो शक्ति हो । आगामी दिनमा पनि समयअनुकूल शिक्षा, आधुनिक प्रविधि र राम्रो शैक्षिक वातावरण प्रदान गर्दै विद्यार्थीलाई स्वदेश तथा विदेशमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्तिका रूपमा तयार गर्ने हाम्रो लक्ष्य हो,' उनले भनिन् ।

स्थापनादेखि हालसम्मको यात्रामा यस इन्स्टिच्युटले धेरै विद्यार्थीलाई स्वास्थ्य तथा प्राविधिक शिक्षा प्रदान गरिसकेको छ । संस्थाबाट शिक्षा हासिल गरेका विद्यार्थी विभिन्न अस्पताल, स्वास्थ्य संस्था, प्रयोगशाला, फार्मेसी, पुनर्स्थापना केन्द्र, इञ्जिनियरिङ तथा निर्माण क्षेत्रका साथै सरकारी, गैरसरकारी र निजी क्षेत्रमा कार्यरत रहेका छन् । विद्यार्थीको सफलता नै संस्थाको प्रमुख उपलब्धि भएको बताउँदै संस्थाले आगामी दिनमा पनि बदलिँदो समय, प्रविधि र श्रम बजारको आवश्यकताअनुसार शैक्षिक कार्यक्रम तथा शिक्षण पद्धतिमा निरन्तर सुधार गर्दै जाने संस्थाको प्रतिबद्धता छ ।

# विपन्न परिवारले पाए भूकम्पप्रतिरोधी घर

**खोटाङ–** हलेसी तुवाचुङ नगरपालिकाका घरविहीन तीन विपन्न परिवारले नयाँ घर पाएका छन् । गरिबीका कारण आफ्नो लगानीमा घर निर्माण गर्न नसक्ने तीन विपन्न परिवारलाई नगरपालिकाले प्रतिपरिवार पाँच लाख रूपैयाँ लगानी गरेर दुई कोठा भएको एकतले भूकम्पप्रतिरोधी घर निर्माण गरिदिएको हो ।



लामो समयदेखि जीर्ण घरमा बसोबास गर्दै आएका हलेसी तुवाचुङ नगरपालिकाका–२ डिकुवाका देशवीर राई र हलेसी तुवाचुङ नगरपालिकाका–६ मंगलटारका भया दमाई तथा घरविहीन अवस्थाका वडा नम्बर १० अर्खौले निवासी टेकबहादुर सार्कीलाई नगरपालिकाले घर निर्माण गरेर हस्तान्तरण गरेको छ । घर नभएका कारण लामो समयदेखि कष्टकर जीवन बिताइरहेका तीन विपन्न परिवारलाई नगरपालिकाले भूकम्पप्रतिरोधी नयाँ घर उपलब्ध गराएपछि हर्षित भएका छन् ।

वृद्ध दम्पत्तिमात्र रहेका डिकुवाका देशवीर राईको परिवार यसअघि जीर्ण कटेरोमा बस्दै आएको थियो । लामो समयदेखि असुरक्षित कटेरोमा बस्दै आएका वृद्ध दम्पतीका लागि नगरपालिकाले नयाँ घर निर्माण गरेर हस्तान्तरण गरेको हो । मंगलटारका चामे दमाई र भया दमाई दाजुबहिनीको पीडा उस्तै रहेको थियो । अपांगता भएका दमाई दाजुबहिनीका लागि पनि नगरपालिकाले भूकम्पप्रतिरोधी नयाँ घर निर्माण गरेर हस्तान्तरण गरेको हो ।

अर्खौलेमा जन्मिएका टेकबहादुरको परिवार अघिल्लो वर्षको भदौमा आफ्नो गाउँ फर्किएका थिए । करिब १२ वर्षदेखि गाउँ बाहिर विभिन्न ठाउँमा बस्दै आएका टेकबहादुरको परिवार दिक्तेल बस्दै आएको समयमा १२ वर्षीया छोरी मृत भेटिएपछि गाउँ फर्केर अर्खौलेमा अरुको घरमा आश्रय लिएर बस्दै आएका थिए ।

गाउँ फर्किएको समयमा सार्की परिवारलाई नगरपालिकाले खाद्यान्न र केही नगदसमेत सहयोग गरेको थियो । सार्कीको परिवार गाउँमै बसेर जीविकोपार्जन गर्न चाहे पनि घर नहुँदा समस्यामा परेका कारण नगरपालिकाले नयाँ घर निर्माण गरिदिएको हो । सुरक्षित नागरिक आवास कार्यक्रमअन्तर्गत तीन परिवारलाई भूकम्पप्रतिरोधी दुईकोठे घर निर्माण गरेर हस्तान्तरण गरिएको नगरप्रमुख विमला राईले जानकारी दिएकी छन् ।

'नगरपालिकाभित्रका नागरिकको सुरक्षित आवासको सुनिश्चितता गर्न तीन विपन्न परिवारका लागि भूकम्पप्रतिरोधी नयाँ घर निर्माण गरेर हस्तान्तरण गरेका छौं । आफ्नो घर अभावमा अरुको सहारामा बस्दै आएका सबै परिवारलाई सुरक्षित आवासको सुनिश्चितता कायम गरिने छ,' प्रमुख राईले भनिन्, 'राजधानी काठमाडौं तथा तराईको विभिन्न जिल्लामा अस्थायीरूपमा बसोबास गर्दै आएको अवस्थामा घरटहरा हटाइएपछि विस्थापित नगरवासीलाई घर निर्माण गरिदिने निर्णय गरेका छौं । नगरबाहिर बसेको अवस्थामा सरकारले घरटहरा भत्काइदिएपछि विस्थापित बनेका तीन परिवारले पुनःस्थापनाका लागि आफ्नै नगरपालिकामा घर निर्माण गरिदिन निवेदन दिएका छन् ।'

विस्थापित परिवारहरू आफ्नो नगरपालिका फर्किएर स्थायीरूपमा बसोवास गर्न चाहेको खण्डमा उनीहरूका लागि पाँच लाख रूपैयाँबराबरको लगानीमा भूकम्पप्रतिरोधी घर निर्माण गरिदिने नगरपालिकाले जनाएको छ । पुनःस्थापित हुन चाहने घरपरिवारका लागि घर निर्माण गर्न उनीहरूको नाममा जग्गा भने हुनुपर्ने बताइएको छ । नगरपालिकाको १३६औं कार्यपालिकाको बैठकले विपन्न तीन परिवारलाई भूकम्पप्रतिरोधी घर निर्माण गर्ने निर्णय गरेको थियो । *रासस*

# विधिपूर्वक पूजा गरेर बडिमालिकातर्फ पठाइयो पेटारो

**सुदूरपश्चिम–** सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री खगराज भट्टले बाजुराको बडिमालिकामा यही भदौ ११ गते हुने भगवती माताको पूजाआजाका लागि त्यसतर्फ पेटारो पठाएका छन् ।



धनगढीस्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय परिसरमा आइतबार विधिपूर्वक पूजाअर्चना गरी परम्परागत विधिअनुसार पेटारोलाई बडिमालिकातर्फ पठाइएको हो । सुदूरपश्चिमको धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक महत्त्व बोकेको बडिमालिका भगवती पूजामा प्रदेश सरकारका मन्त्री तथा अन्य सरोकार भएका व्यक्तिहरूको उपस्थिति रहेको थियो ।

बडिमालिकामा पूजाका लागि सरकारका तर्फबाट पेटारो पठाउने परम्परा पहिलेदेखि नै चलिआएको छ । पेटारोमा बडिमालिका भगवतीलाई चढाइने विशेष पूजासामग्री समावेश गरिने र सरकारी पूजा टोलीले पैदलयात्रामार्फत बडिमालिका पुगेर निर्धारित विधिअनुसार पूजा गर्ने परम्परा रहेको छ ।

बडिमालिका पुगेर डोटी, बाजुरा तथा जुम्लाबाट पुगेका सरकारी पूजा टोलीबीच समन्वय गरी मुख्य पूजामा सहभागी हुने परम्परा रहेको छ । यस वर्ष भदौ ११ गते बडिमालिकामा मुख्य पूजा तथा मेला रहेको छ । पछिल्लो समय दर्शनार्थीको बढ्दो चापलाई मध्यनजर गर्दै भदौ १ गतेदेखि नै मन्दिरमा पूजा तथा मेला प्रारम्भ सुरु भइसकेको छ ।

पेटारो पठाउने परम्पराले बडिमालिका भगवतीप्रतिको धार्मिक आस्थामात्र नभई सुदूरपश्चिमको इतिहास, संस्कृति र मौलिक परम्परालाई समेत जीवन्त राख्दै आएको मुख्यमन्त्री भट्टले बताए । राज्यस्तरबाट निरन्तरता दिइँदै आएको यो परम्परालाई प्रदेश सरकारले पनि संरक्षण र प्रवर्द्धन गर्दै आएको उनले बताए । *रासस*

# कक्षाकोठा अभाव झेल्दै आएको सुकुर्दुङको विद्यालयमा थपिए १२ कोठा

**बागलुङ–** कक्षाकोठा अभाव झेल्दै आएको ढोरपाटन नगरपालिका–९ सुकुर्दुङस्थित सरस्वती माध्यमिक विद्यालयमा १२ नयाँ कक्षाकोठा र आठवटा शौचालय निर्माण गरिएको छ । गोर्खा वेलफेयर ट्रस्ट नेपालले दुई करोड ६८ लाख रूपैयाँको लागतमा आठ महिनामै सुविधा सम्पन्न भवन निर्माण गरेपछि विद्यालयको भौतिक पूर्वाधारमा सुधार भएको छ ।



नयाँ भवन निर्माण भएपछि लामो समयदेखि कक्षाकोठा अभावका कारण समस्या झेल्दै आएको विद्यालयमा पठनपाठन सहज भएको प्रधानाध्यापक थमप्रकाश जैसीले बताए । दुर्गम क्षेत्रमा रहेको उक्त विद्यालयमा हाल ४३१ विद्यार्थी अध्ययनरत छन् ।

कक्षाकोठा अभाव हुँदा यसअघि एउटै कोठामा ६० जनासम्म विद्यार्थी राखेर अध्यापन गराउनुपर्ने अवस्था थियो । विद्यार्थी संख्या धेरै भएका कारण कक्षा पाँच, सात र आठलाई दुई–दुई समूहमा विभाजन गरी पठनपाठन सञ्चालन गर्नुपरेको थियो । पर्याप्त कक्षाकोठा नहुँदा ट्रसको छाप्रो र पक्की भवनको भ¥याङमुनिसमेत कक्षा सञ्चालन गर्ने गरिएको प्रधानाध्यापक जैसीले बताए ।

'बालविकासदेखि कक्षा १० सम्मका लागि ११ वटा कोठा आवश्यक थियो । तीनवटा कक्षामा विद्यार्थी धेरै भएपछि दुई समूहमा विभाजन गरेर ट्रसको छाप्रो र पक्की भवनको भ¥याङमुनिसमेत पढाउने गरेका थियौं,' उनले भने, 'अहिले १२ नयाँ कक्षाकोठा र शौचालय थपिएपछि प्रयोगशाला, पुस्तकालयलगायतका लागि पनि पर्याप्त स्थान छ ।' नयाँ भवन निर्माणमा लगानी भएको उक्त रकममा १० प्रतिशत स्थानीयको श्रमदान पनि समावेश छ । *रासस*

# बर्खायाम सकिएको झल्को दिने 'यार्तुङ पर्व'

**मुस्ताङ–** मुस्ताङको बारागुङ मुक्तिक्षेत्र–१ खिंगामा बर्सेनि मनाइने यार्तुङ पर्व हर्षोल्लासका साथ सम्पन्न भएको छ । मुक्तिनाथ क्षेत्रका विभिन्न गाउँमध्ये पहिलो यार्तुङ पर्व मुस्ताङको खिंगा गाउँबाट सुरु गरिएको हो । बर्खायामलाई बिदाइ र हिउँदयामको मौसमलाई स्वागत गर्दै मुक्तिनाथ क्षेत्रका स्थानीयले बर्सेनि यार्तुङ पर्व मनाउने प्रचलन रहेको छ । शनिबार मुस्ताङको खिंगा गाउँबाट सुरु भएको यार्तुङ जनपूर्णिमाको दिनमा मुस्ताङको पुराङ रानीपौवा र झारकोट गाउँका स्थानीयले संयुक्तरूपमा यार्तुङ मनाउने गरिएको छ ।

यारको अर्थ बर्खा र तुङको अर्थ समाप्ति भन्ने बुझिन्छ । स्थानीय भाषामा यार्तुङको शाब्दिक अर्थ बर्खायाम सकिएको र हिउँदयाम सुरु भएको जनाउँछ । खिंगा गाउँका स्थानीय छिचु गुरुङले यार्तुङ पर्वमा गाउँका पुरुष र महिला मिलेर संयुक्तरूपमा विभिन्न कार्यक्रम गरी यार्तुङ पर्व मनाउने गरिएको बताए । स्थानीय गुरुङका अनुसार शनिबार भएको मुक्तिनाथ क्षेत्रको पहिलो यार्तुङमा खिंगा गाउँवासीले मुक्तिनाथ मन्दिरको दर्शन गरी यार्तुङ पर्व मनाएको जानकारी दिए ।

खिंगा गाउँबाट सुरु भएको मुक्तिनाथ क्षेत्रको यार्तुङ पर्वमा खिंगा गाउँका पुरुष र महिला टोलीहरू मौलिक वेषभूषामा चिटिक्क सजिएर गाउँको समाजघरमा जम्मा हुन्छन् । त्यसअघि गाउँका स्थानीय पुरुषहरूले घोडाचढीको तयारी र व्यवस्थापन गर्छन् । महिलाले मीठामीठा खानेकुराका परिकार बनाएर राख्छन् । बिहानको खाना संयुक्तरूपमा गाउँको समाजघरमै खानपान गरी पुरुष मौलिक पहिरनमा सजिएर घोडामा सवार हुन्छन् । घोडामा सवार पुरुषको अघिअघि महिलाले यार्तुङ पर्वसम्बन्धी स्थानीय भाषामा गीत गाउँदै मुक्तिनाथतर्फ उकालो उक्लिन्छन् । खिंगा गाउँबाट घोडामा सवार गरेका पुरुषको अघिअघि हुँदै महिला स्थानीय गीत गाउँदै झारकोट र पुराङ रानीपौवा हुँदै मुक्तिनाथ दर्शन गर्न पुग्छन् । मुक्तिनाथ मन्दिरमा दर्शन गरी खिंगा गाउँको यार्तुङ टोली मन्दिर नजिकै रहेको गुम्बामा पुगेर दर्शन गरी जलपान गर्छन । त्यहाँ स्थानीय गीत गाउँदै स्याब्रु नाच नाच्छन् ।

खिंगाबाट मुक्तिनाथ दर्शन गर्न पुगेको खिंगा गाउँको यार्तुङ टोली दिउँसो चार बजेपछि मात्रै पुन यार्तुङ पर्वसम्बन्धी गीत गाउँदै फेरि रानीपौवा बजारमा झर्छन् । मुक्तिनाथ रानीपौवामा खिंगा गाउँको यार्तुङ पर्व मनाउने आफ्नै भूमि रहेको छ । मुक्तिनाथ मन्दिरबाट फर्किएरपछि खिंगा गाउँका पुरुषहरूले रानीपौवा बजार क्षेत्रमा घोडा कुदाउँछन् । घोडाचढी कला प्रदर्शन गरेपछि साँझपख स्थानीय पुरुष र महिलाले संयुक्तरूपमा स्थानीय गीत गाउँदै स्याब्रु नाच देखाउँछन् । *रासस*

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - ३१९५०० | प्रति तोला - ० | प्रति तोला - ४९७५ |



**टनेलमा तरकारीखेती** | ललितपुरको गोदावरी नगरपालिका-१३ झरुवारासीस्थित किसानले टनेलमा गरेको तरकारीखेती । *तस्बिरः रासस*

## पर्यटन प्रवर्द्धनका लागि नाट्टा र टिबानले सहकार्य गर्ने

**काठमाडौं (प्रस)–** नेपालको पर्यटन प्रवर्द्धनका लागि नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा) र टुरिस्ट बस एसोसिएसन अफ नेपाल (टिबान)बीच सहकार्य हुने भएको छ ।

टिबानले आइतबार यहाँ आयोजना गरेको 'नाट्टाको नवनिर्वाचित कार्यसमितिलाई बधाइ तथा शुभकामना' प्रदान कार्यक्रममा नाट्टाका नवनिर्वाचित अध्यक्ष भरतजंग पाण्डेले पर्यटन क्षेत्रको विकास र साझा समस्या समाधानका लागि सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । उनले टिबान नाट्टाको एक अभिन्न अंग भएकाले टिबान र नाट्टाको समस्या एउटै भएको बताए । 'टिबान छुट्टै संस्था नभई हाम्रो आफ्नै परिवार हो । पर्यटन क्षेत्रका हरेक एजेन्डामा हामी एक भएर अगाडि बढ्नेछौं,' उनले भने ।

टिबानका संस्थापक अध्यक्ष श्रीकान्त आचार्यले पर्यटक बस र पर्यटन उद्योगमा धेरै समस्या भएकाले यस समस्या समाधानमा वर्तमान कार्यसमिति लाग्ने विश्वास व्यक्त गरे । नाट्टाका महासचिव राजकुमार देवकोटाले पर्यटक बसपार्कको समस्या टिबानको समस्यामात्र नभएर सारा पर्यटन क्षेत्रको समस्या भएकाले यसको समाधानका लागि नाट्टाले प्रतिबद्ध भएर काम गर्ने बताए ।

टिबानका अध्यक्ष भीष्मप्रसाद न्यौपानेले पर्यटक बसपार्क नहुँदा पर्यटक बस व्यवसायीले ठूलो समस्या भोग्नुपरेको भन्दै यसको समाधानका लागि नाट्टासँग सहकार्य गरिने बताए ।

पर्यटक बस व्यवसायीको हकहितको अधिकारको रक्षाका लागि स्थापना भएको टिबानले हाल अस्थायी बसपार्कको रूपमा सोह्रखुट्टे सडक प्रयोग गर्दै आइरहेको छ । टिबानले हाल दैनिक १०० पर्यटकीय बसमार्फत नेपालको प्रमुख पर्यटकीय गन्तव्य पोखरा, चितवनको सौराह, लुम्बिनी, जनकपुरलगायत क्षेत्रमा सेवा प्रदान गर्दै आइरहेको संस्थाका महासचिव प्रकाशचन्द्र अधिकारीले जानकारी दिए ।

## पर्यटन ऐन संशोधनमार्फत सगरमाथा आरोहीको अधिकार सुनिश्चित गर्नुपर्नेमा जोड

■ प्रभाव संवाददाता

**काठमाडौं–** विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गर्ने आरोहीको अधिकार सुनिश्चित गर्न पर्यटन ऐनमा सुधार गर्नुपर्ने आवश्यकता औंल्याइएको छ । सगरमाथा आरोही संघको २५औं स्थापना दिवसका अवसरमा आइतबार आयोजित 'रजत महोत्सव' कार्यक्रममा ऐनलाई समयसापेक्ष बनाउँदै आरोहीमैत्री बनाउनुपर्नेमा जोड दिइएको हो ।

महोत्सव उद्घाटन कार्यक्रममा प्रतिनिधिसभा सदस्य मिङ्माडेविड शेर्पाले पर्यटन क्षेत्रलाई समयसापेक्ष बनाउन र आरोहीको अधिकार सुनिश्चित गर्न वर्तमान पर्यटन ऐनमा सुधार गर्नुपर्ने बताए ।

उनले २०३५ सालमा बनेको पर्यटन ऐन अहिलेसम्म पनि पूर्णरूपमा परिवर्तन नहुनु समस्याका रूपमा रहेको उल्लेख गरे । 'हामी अझै पनि २०३५ सालको कानुनमा हिँडिरहेका छौं, अब यसलाई परिवर्तन गर्ने सुनौलो अवसर आएको छ, यसमा तपाईंहरूको साथ र सहयोगको खाँचो छ,' उनले भने ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले पर्यटन प्रवर्द्धन र यससँग जोडिएका विषयलाई प्राथमिकतामा राखेर अघि बढेको बताउँदै प्रतिनिधिसभा सदस्य शेर्पाले आफूलाई आरोहीको आवाज बुलन्द गर्न जनताले संसद्मा जिम्मेवारीसहित पठाएकाले उक्त जिम्मेवारीलाई इमान्दारीपूर्वक निर्वाह गर्ने प्रतिबद्धता जनाए । सगरमाथा आरोहणको ७३ वर्ष पुगिसक्दा पनि धेरै आरोहीले उचित सम्मान र सुरक्षा नपाएका उनको भनाइ छ ।

> "हामीले थुप्रै आरोहीहरु गुमाएका छौं, कति महिला एकल भएका छन्, बालबालिका टुहुरा भएका छन् । आरोहीको अधिकारका लागि सरकारले के गर्‍यो भन्ने प्रश्न अझै जीवितै छ । नेपाली युवा विदेश पलायन भइरहेको अवस्थाप्रति चिन्ता व्यक्त गर्दै युवाले मुलुकको पर्यटन क्षेत्रमा भविष्य देख्ने वातावरण बनाएर अवसर सिर्जना गर्नुपर्छ ।

'हामीले थुप्रै आरोहीहरू गुमाएका छौं, कति महिला एकल भएका छन्, बालबालिका टुहुरा भएका छन् । आरोहीको अधिकारका लागि सरकारले के गर्‍यो भन्ने प्रश्न अझै जीवितै छ,' शेर्पाले भने । उनले नेपाली युवा विदेश पलायन भइरहेको अवस्थाप्रति चिन्ता व्यक्त गर्दै युवाले मुलुकको पर्यटन क्षेत्रमा भविष्य देख्ने वातावरण बनाएर अवसर सिर्जना गर्नुपर्नेमा जोड दिए ।

नेपाल पर्वतारोहण संघ (एनएमए)का अध्यक्ष फुरगेल्जे शेर्पाले पर्वतीय पर्यटनको विकास भएमात्र देशको विकास हुने बताए । उनले नेपाल विश्वको उत्कृष्ट पर्यटकीय गन्तव्य भएकाले यसको विकास, प्रचारप्रसार, प्रवर्द्धन र संरक्षणमा लाग्न सबैलाई आग्रह गरे । उनले संघले प्रत्येक दुई वर्षमा आरोहीलाई सम्मान गर्दै आइरहेको जानकारी दिए ।

सगरमाथा आरोही संघकी अध्यक्ष माया शेर्पाले आरोही तथा माउन्टेन गाइड (पथप्रदर्शक)को सुरक्षा, हकहित र सामाजिक सुरक्षाका लागि सरकारले प्रभावकारी नीति निर्माण गर्नुका साथै छुट्टै कल्याणकारी कोष स्थापना गर्नुपर्ने बताइन् । उनले आफ्नो जीवन जोखिममा राखेर नेपालको पर्यटन तथा पर्वतारोहण क्षेत्रलाई विश्वमाझ चिनाउने आरोही र माउन्टेन गाइडको भविष्य सुनिश्चित गर्नुपर्ने बताइन् ।

संघका प्रथम उपाध्यक्ष दिवस पोखरेलले आरोही तथा गाइडले हिमाल आरोहणका क्रममा अत्यधिक चिसो, हिमपहिरो र अन्य जोखिमसँग सामना गर्नुपरेको र कतिपयले ज्यान गुमाउनुपरेको बताए । आरोही तथा गाइडको सुरक्षा र अधिकार सुनिश्चित गर्न संघ तथा प्रदेश तहमा स्पष्ट र व्यावहारिक नीति आवश्यक रहेको उनको भनाइ छ ।

'संसारले हाम्रा अग्ला र सेता हिमाल देख्छ, तिनको सौन्दर्यको प्रशंसा गर्छ तर ती हिमालको चुचुरामा देशको झण्डा फहराउने आरोही तथा गाइडको वास्तविक दुःख, पीडा र संघर्ष भने प्रायः ओझेलमा पर्ने गर्छन्,' उनले भने ।

संघका महासचिव शिवबहादुर सापकोटाले दुर्घटनामा परेका आरोहीको निःशुल्क तथा गुणस्तरीय उपचार र ज्यान गुमाएका आरोहीका बालबालिकाका लागि उच्च शिक्षा तथा छात्रवृत्तिको व्यवस्था गर्न सरकारसँग आग्रह गरे । 'जबसम्म हाम्रा गाइड र आरोही सामाजिक र आर्थिक रूपमा सुरक्षित हुँदैनन्, तबसम्म नेपालको पर्यटन क्षेत्रको दिगो विकास सम्भव छैन,' उनले भने ।

## चेम्बर र एनआरएनएबीच लगानी र व्यापार प्रवर्द्धन गर्ने साझेदारी




> चेम्बर र एनआरएनएले संयुक्त रूपमा लगानी सम्मेलन, रोड-शो, व्यापारिक शिखर सम्मेलन तथा व्यावसायिक कार्यक्रम आयोजना गर्ने छन् । त्यस्ता कार्यक्रममार्फत विदेशी तथा गैरआवासीय नेपाली लगानीकर्ता र नेपालका स्थानीय व्यवसायीबीच प्रत्यक्ष सम्पर्क तथा व्यावसायिक साझेदारीको अवसर सिर्जना गरिने छ ।

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल चेम्बर अफ कमर्स (एनसिसी) र गैरआवासीय नेपाली संघ (एनआरएनए) बीच मुलुकमा लगानी प्रवर्द्धन, व्यापार तथा व्यवसाय विस्तार र आर्थिक सहकार्य गरेर अघि बढ्ने समझदारीपत्रमा हस्ताक्षर भएको छ । चेम्बर अध्यक्ष कमलेश अग्रवाल एनआरएनए अध्यक्ष डा. हेमराज शर्माले आइतबार काठमाडौंमा आयोजित एक कार्यक्रमबीच समझदारीपत्रमा हस्ताक्षर गरे ।

दुवैपक्षबीच भएको समझदारीपत्रमा नेपालमा प्रत्यक्ष वैदेशिक लगानी प्रवर्द्धन गर्ने, व्यापार, उद्योग तथा उद्यमशीलताको विकासलाई सहजीकरण गर्ने समावेश गरिएको छ । चेम्बरका अध्यक्ष अग्रवालले दुवै पक्षबीच भएको समझदारीले नेपालमा गैरआवासीय नेपालीले प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउनका लागि मार्गप्रशस्त गर्ने बताए ।

'हामी दुवै पक्षबीच भएको समझदारीले नेपालमा स्वदेशी तथा  गैरआवासीय नेपाली व्यावसायिक समुदायउबीच सहकार्य सुदृढ गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा राखेका छौं,' उनले भने, 'दुवै पक्षबीच ज्ञान हस्तान्तरण, नवप्रवर्तन तथा प्रविधि आदानप्रदान गर्नका लागि मार्गप्रशस्त गर्ने छ ।'

एनआरएनएका अध्यक्ष डा. शर्माले नेपालका विभिन्न कानुनी जटिलताको कारणले वैदेशिक लगानी भित्र्याउनका लागि समस्या भइरहेको गुनासो गरे । 'दुवैबीच भएको समझदारीपत्रले पक्कै पनि व्यापार प्रवर्द्धन र देशमा प्रत्यक्ष लगानी भित्र्याउनका लागि नीतिगतरूपमा सहज वातावरण बनाउन सहयोग पुग्ने छ,' उनले भने ।

दुवैपक्षबीच भएको समझदारीमा चेम्बर र एनआरएनएले संयुक्त रूपमा लगानी सम्मेलन, रोड-शो, व्यापारिक शिखर सम्मेलन तथा व्यावसायिक कार्यक्रम आयोजना गर्ने छन् । त्यस्ता कार्यक्रममार्फत विदेशी तथा गैरआवासीय नेपाली लगानीकर्ता र नेपालका स्थानीय व्यवसायीबीच प्रत्यक्ष सम्पर्क तथा व्यावसायिक साझेदारीको अवसर सिर्जना गरिने छ ।

त्यसैगरी निर्यातमुखी उद्योगको प्रवर्द्धन, साना तथा मझौला उद्यम (एसएमई) र स्टार्टअपलाई सहयोग तथा संयुक्त पहल सञ्चालन गर्ने विषयमा पनि सहकार्य  गर्ने उल्लेख गरिएको छ । क्षमता अभिवृद्धिका लागि तालिम, कार्यशाला तथा सेमिनार आयोजना गर्नुका साथै दुवै पक्षले आफ्नो अनुभव, विशेषज्ञता र उत्कृष्ट अभ्यास आदानप्रदान गर्ने सहमति गरेका छन् । व्यावसायिक वातावरण सुधारका लागि आवश्यक नीतिगत सुधारको सिफारिस गर्न तथा सरकार र सम्बन्धित सरोकारवालासँग संवाद र समन्वय गर्न पनि दुवै संस्थाले सहकार्य गर्ने समझदारीपत्रमा उल्लेख गरिएको छ ।

अध्यक्ष अग्रवालले आर्थिक नीति र कानुनी संरचनामा स्थिरता तथा स्पष्टता नभएसम्म स्वदेशी र विदेशी लगानीकर्ता भित्र्याउन नसकिने बताए । 'आजको समझदारीपत्र केवल कागजमा सीमित हुनु हुँदैन,' उनले भने, 'यसलाई व्यवहारमा उतार्दै लगानी, व्यापार, रोजगारी र आर्थिक रूपान्तरणका क्षेत्रमा ठोस परिणाम दिनुपर्छ ।'

अध्यक्ष शर्माले विश्वभर छरिएर रहेका नेपालीको सीप, ज्ञान, अनुभव र पुँजीलाई नेपालको विकाससँग जोड्ने अभियानलाई प्राथमिकताका साथ अघि बढाइने बताए । उनले एनआरएनए केवल विदेशमा बस्नेको संस्थामात्र नभई विश्वका विभिन्न मुलुकमा रहेका नेपालीलाई एकीकृत गर्दै नेपालको आर्थिक, सामाजिक तथा लगानी विकासमा योगदान पुर्‍याउने साझा मञ्चको रूपमा स्थापित गर्नुपर्नेमा जोड दिए ।

## धेरै विद्युत् खपत गर्नेलाई थप सहुलियत दिने तयारी



**काठमाडौं–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठले वर्षायाममा उत्पादन हुने अतिरिक्त विद्युत् स्वदेशमै बढी खपत गराउन मौसमी विद्युत् महसुल तथा धेरै विद्युत् खपत गर्ने ग्राहकलाई सहुलियतदरमा विद्युत् उपलब्ध गराउने व्यवस्था लागू गर्ने तयारी भइरहेको बताएका छन् ।

मोरङ उद्योग व्यापार संघ र उद्योग संगठन मोरङका प्रतिनिधिसँग आइतबार विराटनगरमा भएको छलफलमा उनले वर्षायाममा बढ्ने विद्युत् उत्पादनलाई उद्योग तथा अन्य क्षेत्रमा अधिकतम उपयोग गर्ने गरी महसुल संरचनामा आवश्यक सुधार गर्न सरकार केन्द्रित रहेको बताएका हुन् ।

मन्त्री श्रेष्ठको सचिवालयका अनुसार उद्योगको उत्पादन लागत घटाउने, विद्युत् खपत बढाउने र प्रणालीमा उपलब्ध अतिरिक्त विद्युत्लाई स्वदेशमै उपयोग गर्ने उद्देश्यले विद्युत् महसुललाई थप व्यावहारिक बनाउने विषयमा सरकारले काम गरिरहेको जानकारी दिए । मन्त्री श्रेष्ठका अनुसार सुनसरी-मोरङ क्षेत्रमा नौ वटा नयाँ सबस्टेसन थपिँदै छन् । ती सबस्टेसन सञ्चालनमा आएपछि यस क्षेत्रमा विद्युत् आपूर्ति थप भरपर्दो र दिगो हुने अपेक्षा गरिएको उनले बताए ।

उद्योगी-व्यवसायीले भोगिरहेका विद्युत्सम्बन्धी समस्या सरकारका लागि गम्भीर विषय भएको उल्लेख गर्दै मन्त्री श्रेष्ठले उद्योगलाई निरन्तर र गुणस्तरीय विद्युत् उपलब्ध गराउने तथा विद्युत् प्रयोगका कारण उद्योगमा अनावश्यक अतिरिक्त भार नपर्ने गरी महसुल समायोजन गर्ने विषयमा सरकार संवेदनशील रहेको बताए ।

उनले उद्योग स्थापना गर्नुअघि आवश्यक विद्युत् क्षमता, प्रसारण लाइन र आपूर्ति संरचनाको उपलब्धताबारे स्पष्ट जानकारी प्राप्त हुने व्यवस्था आवश्यक रहेको बताए । नेपाल विद्युत् प्राधिकरणले विभिन्न क्षेत्रमा उपलब्ध विद्युत् क्षमता र पूर्वाधारबारे नियमित रूपमा उद्योगी-व्यवसायीलाई जानकारी गराउने तथा उद्योग स्थापना गर्नुअघि विद्युत् उपलब्धताको अवस्था स्पष्ट गर्ने प्रणाली विकास गर्नुपर्ने उनको भनाइ थियो ।

आगामी दिनमा प्राधिकरणले उद्योगी-व्यवसायीसँग नियमित संवाद गरी कुन क्षेत्रमा कति विद्युत् उपलब्ध छ, थप क्षमता विस्तारको अवस्था के छ र नयाँ उद्योगका लागि आवश्यक पूर्वाधार कहिलेसम्म तयार हुन्छ भन्नेबारे जानकारी गराउने तयारी भइरहेको मन्त्री श्रेष्ठले बताए ।

छलफलमा उद्योगी-व्यवसायीले औद्योगिक क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता बढाउन विद्युत् आपूर्ति प्रणालीमा तत्काल सुधार आवश्यक रहेको बताएका थिए । उनीहरूले नियमित र गुणस्तरीय विद्युत् आपूर्तिको सुनिश्चितता, बर्जु र केरौन सबस्टेसनको निर्माण शीघ्र सम्पन्न गर्नुपर्ने तथा कटहरी औद्योगिक क्षेत्रमा विद्युत् पूर्वाधार विस्तार गर्नुपर्ने माग राखेका छन् ।

यसैबीच, उत्पादनमूलक उद्योगलाई प्रोत्साहन गर्न डिमाण्ड शुल्क हटाउनुपर्ने माग पनि उद्योगीहरूले अघि सारेका छन् । आन्तरिक विद्युत् खपतका लागि आवश्यक अनुमति र पूर्वाधार सुनिश्चित भए आफूहरू पाँचदेखि ५० मेगावाटसम्म विद्युत् खपत गर्न सक्नेगरी लगानी गर्न तयार रहेको उनीहरूले बताएका छन् ।

यसैगरी, अर्ब रूपैयाँभन्दा बढी चुक्ता पुँजी भएका उद्योगलाई आफ्नै प्रयोजनका लागि विद्युत् उत्पादन गर्न अनुमति दिनुपर्ने माग उद्योगीहरूको छ । विद्युत् उपकरणको गुणस्तर र सुरक्षासँग सम्बन्धित विषयमा पनि उद्योगीहरूले ध्यानाकर्षण गराएका छन् । ट्रान्सफर्मरको अनिवार्य पूर्वपरीक्षण तथा कन्डक्टर र केबलको गुणस्तर परीक्षणलाई प्रभावकारी बनाउनुपर्ने उनीहरूको माग छ । *रासस*

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ